# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १५४ | काठमाडौं | आइतबार, ९ असोज २०७९ | Prabhab National Daily, | Sunday, September 25, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# सरकार र डा. केसीबीच १० बुँदे सहमति

■ समयसीमाभित्र सहमति कार्यान्वयन नभए फेरि अनशन बस्ने चेतावनी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकार र स्वास्थ्य क्षेत्रको सुधारको माग गर्दै आन्दोलरत प्रा.डा. गोविन्द केसीबीच १० बुँदे सहमति भएको छ । शनिबार साँझ सरकारद्वारा गठित वार्ता टोली र अनशनरत प्रा.डा. केसीबीच सहमति भएको हो । सरकारी वार्ता टोलीका संयोजक एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गणेशप्रसाद पाण्डेय र प्रा.डा. केसीले १० बुँदे सहमतिपत्रमा हस्ताक्षर गरे ।

> सहमतिपछि प्रा.डा. केसीले शनिबार साँझबाटै अनशन तोडेका छन् । उनले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका कुरूवा कैलालीकी सरिता चौधरीको हातबाट जुस पिएर अनशन तोडे ।

उक्त सहमतिसँगै प्रा.डा. केसीले शनिबार साँझबाटै अनशन तोडेका छन् । उनले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका कुरुवा कैलालीकी सरिता चौधरीको हातबाट जुस पिएर अनशन तोडे । उनले अनशन सुरु गरेको १३औं दिनमा तोडेका हुन् ।



त्रिवि शिक्षण अस्पतालमा सरकारी वार्ता टोली र प्रा.डा. केसीबीच भएको सहमतिपत्र सार्वजनिक गरिँदै ।
*तस्बिर स्रोतः अनलाइनखबर डटकम*

सहमतिअनुसार स्वास्थ्य क्षेत्र सुधारका लागि देशभरिका सरकारी अस्पतालमा कम्तीमा हाल सञ्चालनमा रहेका शयचा संख्याअनुसार दरबन्दी कायम गर्ने, कैलालीको गेटास्थित मेडिकल कलेजलाई तत्काल सञ्चालन गर्ने, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा १८ मा स्वार्थ बाझिएमा निर्णय गर्न नहुने व्यवस्था रहेको र अब उप्रान्त नियुक्ति वा मनोनयन हुने व्यक्तिको स्वार्थको द्वन्द्व लागि गाह्रो नहुने कानुनी व्यवस्था थप गर्न संशोधनसम्बन्धी मस्यौदा तयारी गरी सरकारले आगामी संसद्को अधिवेसनमा पेस गर्नुपर्नेछ ।

प्रतिष्ठान र विश्वविद्यालयका पदाधिकारी नियुक्तिका लागि मापदण्ड बनाइ पारदर्शी ढंगले गर्ने, राष्ट्रिय चिकित्सा शिक्षा ऐनको दफा ४७ बमोजिम चिकित्सासम्बन्धी शिक्षण संस्थालाई क्रमशः गैरनाफामूलक र सेवामूलक संस्थामा रूपान्तरण गर्ने सम्बन्धमा आवश्यक विषयमा ठोस रायसहितको प्रतिवेदन पेस गर्न चिकित्सा शिक्षा आयोगलाई लेखी पठाउने सहमति भएको छ ।

चिकित्सा शिक्षा आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षणको काम भइरहेकोले शीघ्र स्वीकृतिको प्रक्रिया अगाडि बढाउने र निःशुल्क स्नातकोत्तर कार्यक्रमका लागि आवश्यक बजेट आगामी आवदेखि आयोगका नाममा विनियोजन गर्ने, जलवायु संकटका कारण उत्पन्न हुने जटिलता न्यूनीकरणका लागि तत्काल पेट्रोलियम पदार्थको खपत कम गर्न तथा दीर्घकालीन नेपाललाई निर्धारित लक्ष्यबमोजिम जिरो नेट कार्बन देश बनाउनका लागि स्वच्छ ऊर्जामा आधारित प्रविधिलाई प्रोत्साहन र प्रवर्द्धन गर्न आवश्यक नीतिगत तथा कानुनी प्रबन्ध गर्ने सहमति भएको उल्लेख छ ।

सहमतिपत्रमा सहमतिमा उल्लेख भएका बुँदाको कार्यान्वयन सरकारका सम्बन्धित निकाय तथा अन्य सम्बद्ध निकायले कार्ययोजना बनाइ तत्काल कार्यान्वयनको प्रक्रियामा लैजाने र सहमति अनुमोदनका लागि सहमति भएपश्चात् सरकार मन्त्रिपरिषद्को बैठकसमक्ष प्रस्ताव पेस गर्ने उल्लेख छ ।

डा.केसीका मागमध्ये धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीलाई बर्खास्त गर्ने मागका विषयमा भने कुनै सहमति हुन सकेको (बाँकी पृष्ठ ३ मा)

# दुर्घटना रोक्न 'टाइम कार्ड' लागू गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** चाडपर्व नजिकिएसँगै राजधानीबाट बाहिर जाने यात्रुको चाप बढ्न थालेको छ । राजधानीबाट चाडपर्व मनाउन लाखौं संख्यामा मानिसहरू बाहिरिने गरेका छन् । यही बेला हरेक वर्ष दुर्घटना बढी हुने गर्दछ । यात्रुको चाप र चालकको लापरवाहीका कारण दुर्घटना हुँदा धेरैले ज्यान गुमाउनुपर्छ ।

> लामो दूरीमा चल्ने सवारीसाधनमा दुई चालकको व्यवस्था कार्यान्वयन गर्न नेपाल प्रहरीबाट अनुगमन गर्ने र सो भएको नपाइएमा तत्काल कारबाही गर्ने

यसैबीच सरकारले चाडपर्वका बेला सवारी दुर्घटना रोकथाम तथा यातायातको सहज व्यवस्थापनका लागि 'टाइम कार्ड' लागू गर्ने भएको छ । सवारी दुर्घटना रोकथाम तथा यातायातको सहज व्यवस्थापनका लागि आवश्यक निर्देशनसमेत दिने गरी बनेको समितिको शनिबारको बैठकले गन्तव्यस्थलमा छिटो पुग्ने बहानामा तीव्रगतिमा सवारी चलाउने प्रवृत्तिलाई निरुत्साहन गर्न टाइम कार्ड लागू गर्ने निर्णय गरेको हो ।

समितिले नेपाल प्रहरी, यातायात व्यवस्था विभाग तथा यातायात व्यवसायीको समन्वयमा राजमार्गमा स्थान पहिचान गरी टाइम कार्ड लागू गर्नेसहित विभिन्न १४ निर्णय गरेको छ । समितिका संयोजक गृह प्रवक्ता फणिन्द्रमणि पोखरेलको अध्यक्षतामा बसेको बैठकले चाडपर्वको समयमा सवारीसाधनको छतमा बसी यात्रा गर्न र झुण्डिएर यात्रा गर्न नदिने तथा त्यसका लागि आवश्यकतानुसार अनुगमन गर्ने निर्णय पनि गरेको छ ।

बैठकले हरेक सार्वजनिक सवारीसाधनमा प्राथमिक उपचार किट, प्रहरी हटलाइन नम्बरलगायतका आवश्यक सूचना रहेको स्टिकर, दुर्घटना भएमा संकेत गर्ने वस्तु राख्ने र सवारीसाधन स्यानिटाइज गर्ने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ । चालकले अस्वाभाविक किसिमले सवारी चलाएमा गुनासो गर्न फोन नम्बर सार्वजनिक गर्ने र त्यस्तो गुनासो सुनी तत्काल परिचालित हुन सबै प्रहरी युनिटलाई निर्देशन दिनेगरी आवश्यक व्यवस्था मिलाइने भएको छ । (बाँकी पृष्ठ ७ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# स्थायी पुनर्मिलन परियोजनाका लागि कोरियाको एक अर्ब सहयोग

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा दक्षिण कोरियाबाट फर्किएका आप्रवासीहरूको स्थायी पुनर्मिलन परियोजना सञ्चालनका लागि कोरियासँग ८० लाख अमेरिकी डलर (करिब एक अर्ब रूपैयाँ) अनुदान सहायता सम्झौता भएको छ । अर्थसचिव कृष्णहरि पुस्कर र नेपालका लागि दक्षिण कोरियाली चोङ-सुक पार्कले एक कार्यक्रमबीच शुक्रबार उल्लिखित सहायतासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

कोरियाले यस परियोजनामार्फत नेपालको सामाजिक, आर्थिक विकासमा योगदान पुऱ्याउने र कोरियाबाट फर्केका आप्रवासीहरूको स्थिर पुनर्मिलन र उनीहरूको उद्यमशील क्षमता अभिवृद्धि गरी रोजगारी वृद्धि गर्ने अपेक्षा राखेको जनाएको छ । सम्झौता अनुसार कोरिया इन्टरनेसनल कोअपरेसन एजेन्सी (कोइका)ले सम्बन्धित मन्त्रालय र अन्य सरकारी निकायहरूसँगको सहकार्य र समन्वयमा परियोजना सञ्चालन गर्नेछ । परियोजनाले नेपालमा कोरियाबाट फर्केका आप्रवासीहरूमा सूचनाको पहुँच वृद्धि गर्न र कृषि विकास बैंकमार्फत आर्थिक सहयोगमा पहुँच बढाउनका लागि सद्गुण चक्रिय समर्थन प्रणाली सिर्जना गर्ने सम्झौतामा उल्लेख गरिएको छ ।

अर्थसचिव पुष्करले दुई देशबीच भएको सम्झौताले कोरियाबाट फर्केका आप्रवासी कामदारहरूलाई आफ्नो समाजमा स्थापित गर्नका लागि महत्त्वपूर्ण भूमिका खेल्ने बताए ।

> परियोजनाले नेपालमा कोरियाबाट फर्केका आप्रवासीहरूमा सूचनाको पहुँच वृद्धि गर्न र कृषि विकास बैंकमार्फत आर्थिक सहयोगमा पहुँच बढाउनका लागि सद्गुण चक्रिय समर्थन प्रणाली सिर्जना गर्ने सम्झौतामा उल्लेख गरिएको छ ।

उनका अनुसार यस परियोजनाले नेपालमै रोजगारी बढाउन टेवा पुग्ने विश्वास लिइएको छ । सचिव पुस्करले दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धलाई अभिवृद्धि गर्ने साझेदारीका लागि कोरिया सरकारप्रति आभार व्यक्त गर्दै परियोजना सफल कार्यान्वयन गर्न पूर्ण सहयोग रहने बताए । त्यस्तै राजदूत पार्कले कोरिया 'रिटर्नी माइग्रेन्ट्स प्रोजेक्ट' मार्फत ठूलो संख्यामा कोरियाबाट फर्किएकाले आफ्नो सीप तथा दक्षतालाई उपयोग गरी उद्यमशीलता र रोजगारीमार्फत देशको आर्थिक वृद्धिमा योगदान पुऱ्याउनसक्ने बताए ।

कोरिया र नेपालबीच आप्रवासी स्थायी पुनर्मिलन मात्र नभई नेपाल प्रहरीको साइबर ब्युरोलाई सुदृढ गर्न पनि ८० लाख डलर (झण्डै एक अर्ब रूपैयाँ) बराबरको अर्को अनुदान सहायता सम्झौतासमेत भएको छ । कोरियाले नेपाल प्रहरीको क्षमता अभिवृद्धिसहितको साइबर ब्युरोको सञ्चालन गर्न सहायता उपलब्ध गराएको सम्झौतामा जनाइएको छ ।


यसअघि दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत रोजगारीबाट गरी फर्केका नेपाली कामदारका लागि 'पाइलट प्रोजेक्ट'का रूपमा पुनःएकीकरण कार्यक्रम सञ्चालन गर्न आर्थिक सहायतासम्बन्धी सम्झौता गरेको थियो । जसका लागि कोइकामार्फत एक अर्ब रूपैयाँ आर्थिक सहयोग उपलब्ध गराउन तत्कालीन श्रममन्त्री कृष्णकुमार श्रेष्ठ र इपिएस सेन्टर एचआरडीका नेपाल प्रमुख किम उन दक्लेबीच सम्झौतापत्रमा हस्ताक्षर भएको थियो । इपिएसमार्फत् कोरियाले कामदार लैजाने १५ देशमध्ये नेपालमा मात्र यस्तो कार्यक्रम सुरु गर्न लागिएको कोरियाली अधिकारीहरूले जानकारी दिएका थिए ।

यस्तै, वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूको पुनःएकीकरण परियोजनाका लागि स्वीट्जरल्याण्ड सरकारले नेपाललाई ८६ करोड १३ लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने विषयमा दुई महिना अगाडि अर्थ मन्त्रालयका सहसचिव तथा अन्तर्राष्ट्रिय आर्थिक समन्वय महाशाखाका प्रमुख इश्वरीप्रसाद अर्याल र काठमाडौंस्थित स्वीस दूतावासका चार्ज डी अफेयर्स सिल्भाना होगले हस्ताक्षर गरेका थिए ।

# विदेशी कामदार फिर्ता गर्दै कतार

**काठमाडौं (प्रस)–** कतारले विश्वकप फुटबल प्रतियोगिता सुरु हुनुअघि हजारौंको संख्यामा विदेशी कामदारलाई फिर्ता पठाउने भएको छ । कतारको सरकारी निकायले फुटबल प्रतियोगिता सुरु हुनुअगावै ठूलो संख्यामा विदेशी कामदारलाई आफ्नो देश फर्काउन आन्तरिक सर्कुलर जारी गरेको गार्जियन पत्रिकाले उल्लेख गरेको छ । तर, कस्ता कामदार फिर्ता पठाउने भन्ने खुलेको छैन ।

गार्जियनका अनुसार गत वर्ष नै त्यहाँको सरकारले सेप्टेम्वरको मध्यसम्ममा निर्माणको काम सकिसक्न र विदेशी श्रमिकलाई फर्काउन सरोकारवालाहरूलाई निर्देशन दिएको थियो । कतार सरकारको यस्तो नीतिका कारण थुप्रै विदेशी कामदार प्रभावित भएका छन् । फलस्वरूप कतिपय कामदाहरू रोजगार करार सकिनुअगावै कतार छोड्न बाध्य हुनुपरेको बताइएको छ । यसरी फर्किएकाहरूले आफूले पाउनुपर्ने तलब र अन्य सुविधाबाटसमेत वञ्चित हुनुपरेको समाचारमा जनाइएको छ ।




**घरदैलोमै निःशुल्क स्वास्थ्य सेवा** काठमाडौंको शंखरापुर नगरपालिकाले 'नगरप्रमुखसँग निःशुल्क घरदैलो स्वास्थ्य सेवा कार्यक्रम' सुरु गरेपछि नगरपालिकाको दुर्गम भेग वडा नं. १ स्थित सिन्धुपाल्चोकसँग सीमा जोडिएको छापभञ्ज्याङमा स्थानीयवासीको स्वास्थ्य परीक्षण गर्दै स्वास्थ्यकर्मी । *तस्बिरः पूर्णप्रसाद मिश्र/रासस*

# पहिरो, आगलागी र चटयाङबाट बढी मानवीय क्षति

**काठमाडौं–** यही असोज १ गते सुदूरपश्चिमको अछामका विभिन्न क्षेत्रमा पहाडको माथिल्लो भागबाट पहिरो खस्यो । ती ठाउँका पहिरोमा पुरिएर २२ जनाको मृत्यु भयो । उक्त घटना, यो वर्षकै ठूलो मानवीय क्षति भएको विपद्जन्य घटना हो । भारी वर्षापछि जिल्लाको तुर्माखाँद गाउँपालिका, कमलबजार नगरपालिका र ढकारी गाउँपालिकाकाको बस्तीमा खसेको पहिरोले सो क्षति पुऱ्याएको थियो ।

उदयपुरको बेलका नगरपालिकाबाट कोसी नदीले धार परिवर्तन गरी बस्तीमा पस्दा हजारौं घर डुबानमा पाऱ्यो । मानवीय क्षति भएन । दार्चुलामा महाकाली नदीले ठूलै विपत्ति निम्त्यायो । जिल्ला सदरमुकाम नै प्रभावित भयो । खोटाङमा भूकम्पले सयौं घरमा क्षति पुऱ्यायो । काठमाडौं कपनमा अक्सिजन सिलिण्डर विष्फोटपछिको आगलागीमा तीन जनाको निधन र करोडौंको सम्पत्ति क्षति भयो । अन्य जिल्लामा केही मानवीय र भौतिक क्षति हुने गरी विपद्का घटना भए ।

मुलुकका धेरै ठाउँमा औसतभन्दा बढी वर्षा हुने आकलन गरिए पनि तथ्यांकमा गत वर्षभन्दा यसपालि विपद्जन्य घटना र मानवीय क्षति न्यून देखियो । अघिल्लो वर्ष विपद्जन्य घटनामा ४९० जनाको मृत्यु भएको थियो । यस वर्ष एक हजार ७९१ विपद्जन्य घटनामा २२२ जनाले ज्यान गुमाए । अझै १३ बेपत्ता रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । ती घटनामा ५२७ घाइते भए । दुई हजार ३२७ परिवार प्रभावित भए । ती घटनामा अहिलेसम्म एक अर्ब रूपैयाँ बराबरको क्षति भएको प्राधिकरणको अभिलेखमा उल्लेख छ ।



यसपालिको घटनामध्ये चटचाङबाट बढी मानवीय क्षति भयो । चटचाङले ७२ र पहिरोले ५५ को ज्यान गयो । आगलागीबाट २६, जनावरको आक्रमणबाट २१ तथा बाढीबाट १५ को मृत्यु भयो । भारी वर्षा, हुरीबतास, वन डढेलोलगायतबाट मानवीय क्षति भयो । बढी घटना र बढी भौतिक क्षति आगलागीबाट भएको छ । हालसम्म मुलुकमा ८६१ आगलागीका घटना भएकोमा त्यसबाट ८२ करोड ७१ लाख रूपैयाँ क्षति पुगेको छ । बाढीबाट धेरै (११ जना) बेपत्ता भए ।

यसपालि मुलकुभर बाढीका २३९ घटना भएकोमा त्यसबाट ५५ को मृत्यु, एक बेपत्ता, ४६ घाइते र २२९ घर प्रभावित भए । पहिरोले आठ करोड ५५ लाख रूपैयाँ क्षति भयो ।

चटचाङका २१९ घटनामा ७२ को निधन, १९५ घाइते, ३३३ परिवार प्रभावित र ३५ लाख रूपैयाँको क्षति भएको जनाइएको छ । त्यस्तै ८६१ आगलागीका घटना भएकोमा त्यसमा २६ को मृत्यु, १३३ घाइते, ९८४ घर प्रभावित र ८२ करोड ७१ लाख रूपैयाँको क्षति भएको छ ।

हुरीबतास र भारी वर्षाका २१५ घटना भएकोमा १४ को मृत्यु, ४५ घाइते, ४०० परिवार प्रभावित र पाँच करोड २५ लाख रूपैयाँभन्दा बढीको क्षति भएको छ । १८७ वन डढेलो र जनावरको आक्रमणका घटनामा २२ को मृत्यु, ८५ घाइते, २३१ परिवार प्रभावित र एक करोड ६२ लाख रूपैयाँको क्षति भएको छ ।

वि.सं. २०७७ मा बाढीबाट ४२ र पहिरोबाट ३०१ सहित विभिन्न घट्नामा ५९१ को मृत्यु भयो । बाढीबाट ३७ र पहिरोबाट ६४ सहित १०१ जना बेपत्ता भएका थिए । *रासस*

# आनीहरूका लागि प्रशिक्षण सम्पन्न



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले आनी (भिक्षुणी)हरूलाई सामाजिक गतिविधिमा सहभागी गराउन दुई दिने प्रशिक्षनात्मक गोष्ठी सम्पन्न गरेको छ । बिहीबार र शुक्रबार स्वयम्भूमा सञ्चालित गोष्ठीमा करिब ६५ जना आनी सहभागी थिए ।

कार्यक्रममा समितिका कार्यकारी निर्देशक होम दोङले बौद्ध दर्शनलाई प्रवर्द्धन गर्न र आनीहरूसँग भएको ज्ञानलाई जनमानसमा पुऱ्याउने उद्देश्यका साथ सञ्चालन गरिएको प्रशिक्षण फलदायी भएको बताए । 'ज्ञान र साधनाले परिपूर्ण भएको आनीहरूको ज्ञानलाई अहिलेको सामाजिक परिवेशमा पुऱ्याउनका लागि गुम्बा विकास समितिले पुलको काम गरेको छ,' उनले भने ।

गोष्ठी समापन समारोहलाई सम्बोधन गर्दै समितिका अध्यक्ष फुपूछेम्बे शेर्पा (खेन्पो गेसे थुप्तेन जिग्डोल)ले गुम्बा तथा विहारमा अध्ययनरत आनीहरूको ज्ञानलाई समाजमा ल्याउन गरिएको प्रशिक्षणबाट व्यावहारिक ज्ञान प्राप्त भएको अपेक्षा व्यक्त गरे । 'दुई दिनको प्रशिक्षणबाट व्यावहारिक ज्ञान पाएको महसुस गरेको छु,' उनले भने । उनले गुम्बाका प्रमुखहरूसँग छलफल गरेर गुम्बाहरूबीचमा अन्तरसम्बन्ध बढाउँदै पारस्परिक रूपमा अन्तरसंवाद गराउने प्रयासमा समिति लाग्ने उद्घोष गरे ।

प्रशिक्षणमा सहभागी आनीहरूले गोष्ठीबाट आत्मविश्वास र उत्प्रेरणा बढाएको अनुभव सुनाएका थिए । गोष्ठीमा आनी छयोइङ डोल्मा, त्रिभुवन विश्वविद्यालयकी उपप्राध्यापक कुमारी लामालगायतले प्रशिक्षण दिएका थिए ।

# बूढानीलकण्ठका सात स्थानमा घरबास सेवा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बूढानीलकण्ठ नगरपालिकाका विभिन्न सात स्थानमा 'होमस्टे' (घरबास सेवा) सञ्चालन गरिने भएको छ । आन्तरिक तथा बाहय पर्यटक आकर्षण गर्न सम्भावित सात स्थानमा 'होमस्टे' सञ्चालन गर्ने नगरपालिकाले नीति लिएको हो ।

नगरले चालु आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा नगरभित्रका वडा नं १ तौलुङ, ३ ठूलोगाउँ, ५ स्थित डाँडागाउँ, चिसिनी, लिपिकोट, ११ जगडोल र वडा नं १३ मा रहेको चुनिखेललगायतका ठाउँमा 'होमस्टे' सञ्चालनका लागि स्थानीयलाई प्रोत्साहन गरिने उल्लेख छ । नगरपालिकाभित्र आन्तरिक तथा बाहय पर्यटक भित्रयाउन र व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याउन नगरले 'होमस्टे' सञ्चालनको योजना ल्याएको नगरप्रमुख मीठाराम अधिकारीले बताए । उनले भने, 'होमस्टे सेवा नगरभित्रका केही ठाउँमा सञ्चालनमा आएका छन् उनीहरूलाई प्रोत्साहन गर्न र अन्य नयाँ स्थानमा सञ्चालन गरेर पर्यटक भित्रयाउन योजना अगाडि बढाएका हौं ।' बूढानीलकण्ठ सहरदेखि गाउँसम्म फैलिएको स्थानीय तह हो । यहाँका कतिपय ग्रामीण बस्तीमा 'अर्गानिक' (जैविक) उत्पादन पाइन्छ । 'अर्गानिक' परिकारको स्वादमा रम्ने र सहर नजिकैका गाउँघर घुम्नेको संख्या बढेको बुनपा-५ का वडासदस्य हेप्सिवा तामाङको भनाइ छ । नगरले 'अर्गानिक' को योजना अघि सार्दा यहाँ व्यवसाय सञ्चालन गर्ने व्यवसायी उत्साहित बनेका छन् ।

नगर उपप्रमुख अनिता लामाले सञ्चालनमा रहेका विभिन्न व्यवसाय प्रवर्द्धन गर्नका लागि योजना अघि सारिएको बताएकी छन् । उनले भनिन्, 'नगरभित्रका विभिन्न पर्यटकीयस्थलको प्रचार गर्न र रोजगारीको अवसर नगरभित्रै जुटाउन हामीले 'होमस्टे' अभियान अगाडि सारेका हौं । 'होमस्टे सञ्चालनमा आएपछि स्थानीयको आम्दानीमा थप सहयोग पुग्ने हामीले विश्वास लिएका छौं ।'

डाँडागाउँ तथा चिसिनीलगायतका 'होमस्टे' पुगेपछि त्यहाँको चिसो मौसमसँगै काठमाडौंको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । काठमाडौंको सुन्दरता हेर्दै सफा वातावरणमा विभिन्न लोकल खानेकुरासमेत पाइने हुँदा पर्यटकको आकर्षण बढ्न थालेको डाँडागाउँका 'होमस्टे' व्यवस्थापक दोर्जे तामाङको भनाइ छ ।

स्थानीयले सञ्चालन गर्ने 'होमस्टे' सेवा प्रवर्द्धनका लागि नगरपालिकालेसमेत योजना ल्याएपछि व्यवसायी उत्साहित भएका छन् । नगरले यस अभियान थालनी गर्ने भएपछि व्यवसायमा थप आम्दानी हुने विश्वास रहेको बूढानीलकण्ठ-५ डाँडागाउँमा होमस्टे सञ्चालन गर्दै आएकी देवकी तामाङ बताउँछिन् ।सहरभित्रका ग्रामीण क्षेत्र भ्रमणमा जाने पर्यटकका लागि स्थानीय खाना परिकार, रहनसहनसहित घरघरमा खाने, बस्ने व्यवस्था 'होमस्टे' हो । यसलाई परम्परागत संस्कृतिको आधुनिक रूप पनि मान्न सकिन्छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असोज ९ गते आइतबार

| | |
|---|---|
| **मेष** | मांगलिक कार्य हुने योग छ । |
| **वृष** | शुभ सन्देश प्राप्त हुनेछ । |
| **मिथुन** | राजनीतिक कार्य सफल हुनेछ । |
| **कर्कट** | भौतिक वस्तुमा वृद्धि हुनेछ । |
| **सिंह** | जीवनसाथीको सहयोग प्राप्त हुनेछ । |
| **कन्या** | रोजगार तथा भाग्यमा वृद्धि हुनेछ । |
| **तुला** | विनम्रतासित कार्य गर्न राम्रो हुनेछ । |
| **वृश्चिक** | शत्रु कमजोर हुनेछ । |
| **धनु** | प्रसन्नतामा वृद्धि हुनेछ । |
| **मकर** | राजनीतिक सहयोग प्राप्त हुनेछ । |
| **कुम्भ** | संयमता अपनाउनु जरूरी छ । |
| **मीन** | नौलो कार्य प्रारम्भ हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध


| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असोज ९ गते, २०७९, २५ सेप्टेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**नुवाकोटको लामपाटी** | नुवाकोटको विदुर नगरपालिका–२ स्थित नुवाकोट दरबारक्षेत्र परिसरमा रहेको लामपाटी (दरबार) । २०७२ वैशाख १२ को भूकम्पले क्षतिग्रस्त लामपाटी, नुवाकोट दरबारसहितका विभिन्न आठ वटा ऐतिहासिक तथा साँस्कृतिक संरचनाको पुनर्निर्माण चिनियाँ पक्षबाट सुरु गर्न लागिएको छ । *तस्बिरः रासस*

# सबै नेतालाई टिकट दिन सकिँदैन : गृहमन्त्री खाण



■ प्रभाव संवाददाता

**भैरहवा–** गृहमन्त्री बालकृष्ण खाणले सबै नेतालाई टिकट दिन नसकिने बताएका छन् ।

शनिबार भैरहवामा रहेको शान्ति बुद्ध गुम्बा छात्रावास भवनको उद्घाटन गर्दै गृहमन्त्री खाणले अहिले निर्वाचनमा उम्मेदवार हुन नेताहरूमा प्रतिस्पर्धा भइरहेको बताए । उनले सबैलाई टिकट दिन नसकिने हुँदा बुद्धले झैँ त्याग गर्न पनि आवश्यक रहेको बताए । उनले कहिलेकाहीँ मुलुकका लागि, विचारका लागि केहीले त्याग गर्नुपर्ने बताए ।

मन्त्री खाणले सिद्धार्थ गौतमले पनि त्याग नगरेको भए बुद्ध बन्न नसक्ने भन्दै अहिलेको त्यागले भविष्यमा अझै राम्रो स्थान दिलाउन सहयोग गर्ने बताए । उनले नयाँ जनादेशले नयाँ राजनैतिक उचाइ छुनुपर्ने संकल्पमा आफ्नो भूमिकाको खोजी गर्नु स्वाभाविक भएको बताए । उनले यो संवेदनशील बेलामा शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्नुपर्ने आवश्यकता भएको बताए ।

गृहमन्त्री खाणले मानव जीवनको सुरुआतमा खराबी भएपनि अन्तिममा शान्तिमार्गमा लाग्नुपर्ने बुद्धको शिक्षा अहिले पनि उत्तिकै अपरिहार्य रहेको बताए । उनले शताब्दी पुरुष सत्यमोहन जोशीको उचित रेखदेखका लागि सरकारले बजेट व्यवस्थापन गरेर उनको जीवन सहज बनाउने निर्णय गरेको बताए । उनले शताब्दी पुरुष जोशीको आजीवन रेखदेख, औषधोपचार सरकारले गर्ने बताए ।

कार्यक्रममा लुम्बिनी प्रदेशका ग्रामीण, सहरी विकास एवं पर्यटनमन्त्री डिल्लीबहादुर चौधरीले लुम्बिनी प्रदेशका विभिन्न पर्यटकीयस्थलको प्रवर्द्धनमा सरकार लागेको बताए । उनले यसका साथै प्रदेशमा रहेका विभिन्न धार्मिकस्थलको विकास र यसको प्रवर्द्धनमा प्रदेश सरकारले लगानी गरिरहेको बताए ।

लुम्बिनी प्रदेशका ग्रामीण, सहरी विकास एवं पर्यटन मन्त्रालयको १५ लाख, सिद्धार्थनगर नगरपालिकाको पाँच लाख र अन्य दाताबाट गरी ३० लाखभन्दा बढीको लागतमा भैरहवामा रहेको शान्ति बुद्ध गुम्बामा छात्रावास निर्माण भएको हो ।

## सरकार र डा. केसीबीच...

पृष्ठ १ बाट जारी

छैन । त्यस विषयमा सरकारले कुनै निर्णय नगरेको भन्दै उनले आपत्ति जनाएका छन् । उक्त मागका विषयमा निरन्तर संघर्षमा रहने डा. केसीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । उनले त्रिवि शिक्षण अस्पतालमा आयोजित पत्रकार सम्मेलनमा समयसीमाभित्र सहमति कार्यान्वयन नभए फेरि अनशन बस्ने चेतावनी दिएका छन् ।

स्वास्थ्य सुधारका विभिन्न सात बुँदे माग राखी प्रा.डा. केसीले कैलालीको धनगढीमा भदौ २७ गतेदेखि अनशन सुरु गरेका थिए । धनगढीको लक्ष्मीनारायण मन्दिरको धर्मशालामा २०औं सत्याग्रह सुरु गरेको चौथो दिनदेखि नै उनको स्वास्थ्यमा समस्या देखिएको थियो । त्यसलगत्तै उनलाई सेती प्रादेशिक अस्पतालको वार्डमा सारिएको थियो । त्यहाँ पनि उनको स्वास्थ्य बिग्रँदै गएपछि सुविधा सम्पन्न अस्पतालमा लैजान चिकित्सकले सुझाव दिएका थिए । त्यसपछि डा. केसी अनशनको १०औं दिन आफैं काठमाडौं आएर त्रिवि शिक्षण अस्पतालमा भर्ना भएका थिए । सरकारले हवाइ एम्बुलेन्समार्फत डा. केसीलाई काठमाडौं ल्याउन खोजेको थियो । तर उनले नमानेपछि लिन गएको सेनाको हेलिकप्टर त्यतिकै फर्किएको थियो ।

## संक्षिप्त

### डुबेर तीन जनाको मृत्यु

**मकवानपुर (प्रस)–** हेटौंडा उपमहानगरपालिका-५ न्युरेनीस्थित कर्रा खोलाको नागदहमा डुबेर ३ जनाको शुक्रबार मृत्यु भएको छ । मृत्यु हुनेहरूमा सोही ठाउँ फारलायन बस्ने १७ वर्षीय साहिल लामा, १२ वर्षीय कारसाङ जिम्बा र १३ वर्षीय संजिब मोक्तान रहेका छन् ।

उक्त नागदहमा पौडी खेल्ने क्रममा उनीहरू डुबेर बेपत्ता भएको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय सानोपोखरा, बाग्मती प्रदेश प्रहरी कार्यालय र शसस्त्र प्रहरी बल नेपाल समेतबाट खटिएको टोलीले स्थानीयको सहयोगमा खोजी गर्ने क्रममा उनीहरूको शव फेला परेको हो ।

### जुवातास खेलिरहेका १० जना पक्राउ

**काठमाडौं (प्रस)–** गोकर्णेश्वर नगरपालिका-५ नयाँबस्ती बस्ने माधब गौतमको घरमा जुवातास खेलिहरको अवस्थामा सिन्धुपाल्चोक पाँचपोखरी गाउँपालिका-७ घर भएका ५२ वर्षीय मिङमार तामाङ समेत ५ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ४२ हजार ७ सय ८० र ३ बुक तास सहित फेला पारी पक्राउ गरेको हो ।

भक्तपुर, भक्तपुर नगरपालिका-५ गोलमढी बस्ने अमित ज्याख्वको जुजु नेवा किचेन रेष्टुरेण्टमा जुवातास खेलिरहेको अवस्थामा सोही नगरपालिका-१० कमलविनायक बस्ने २६ वर्षीय सुदिप वैद्यसमेत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २९ हजार १ सय ९० र ४ बुक ताससहित पक्राउ गरेको हो ।

### लागुऔषधसहित पक्राउ

**मकवानपुर (प्रस)–** हेटौंडा उपमहानगरपालिका-११ थानाभऱ्याङबाट करिब २० किलो अवैध लागुऔषध गाँजा सहित ३ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-१९ बस्ने ६० वर्षीय प्रेम बहादुर थिङ, सोही उपमहानगरपालिका-३ बसामाडी बस्ने ४० वर्षीया कबिता थिङ र ३६ वर्षीय सिरसानी मोक्तान रहेका छन् । बसामाडीबाट हेटौंडातर्फ जाँदै गरेको ना.२ ह २३६३ नम्बरको अटोलाई प्रहरीले जाँच गर्ने क्रममा उक्त लागुऔषध सहित फेला पारी अटोका चालक प्रेम सहित उनीहरूलाई पक्राउ गरेको हो ।

सिन्धुली, कमलामाई नगरपालिका-९ भिमानस्थित सडकबाट ५ सय ९८ ट्याब्लेट नियन्त्रित लागुऔषध नाईट्राभेट र करिब १ ग्राम अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ सहित सोही नगरपालिका-७ बस्ने २५ वर्षीय बिमल बस्नेतलाई शनिबार प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय भिमान र जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट खटिएको प्रहरीले उनलाई उक्त लागुऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

# ‘डेंगुको बेवास्ता गर्दा धेरैको ज्यान गयो’

■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ चिकित्सक डा.सुन्दरमणी दिक्षितले डेंगु प्रकोपबारे सरकारले ध्यान नदिएकोमा आपत्ति जनाएका छन् । नेताहरूले गठबन्धन, महाभियोग र निजी स्वार्थमा केन्द्रित हुँदा डेगीले धेरैको ज्यान गइसकेको बताए ।

डा. दिक्षितले नेताहरूले विगतमा ओमिक्रोनको बारेमा पनि एक शब्द नबोलेको स्मरण गराउँदै डेंगु भयंकर फैलिरहेको भएपनि नेता र पार्टी कही कतै नबोलेको टिप्पणी गरे । उनले भने,‘ उनीहरूको ध्यान खाली गठबन्धन र भागवण्डामा सिमित छ ।’

देशका नेताहरू गठबन्धन, महाभियोग र निजि स्वार्थमा केन्द्रीत रहेको भन्दै नेताहरूलाई जनताको स्वास्थ्यबारे चासो र चिन्ता केही नभएको आरोप लगाए । लामखुट्टे मार्ने धुवाँ समेतको प्रयोग नगरिएको भन्दै सरकारको आलोचना गरे ।

डेंगु नियन्त्रण गर्नु सरकारको मात्र जिम्मेवारी नभएको भन्दै दिक्षितले स्वास्थ्य मन्त्रालय मातहतका निकायहरूको पनि भएको बताए । मन्त्रालयको नियन्त्रणमा रहेर प्रत्येक वडा, वडाध्यक्ष, सदस्यले गम्भीरताका साथ खटिनुपर्ने बताए ।

डेंगु प्रकोपले पछिल्लो समय कडा रूप लिदै गएको बताएका छन् । आफूले प्रत्येक दिन चेकँजाच गर्ने १० बिरामीमध्ये २/३ जना डेंगु संक्रमित हुने उल्लेख गरे ।

सरुवा रोग विशेषज्ञ डा.शेरबहादुर पुनले डेंगु नियन्त्रणमा निराशा देखिएको बताए । स्वास्थ्य मन्त्रालय अन्तर्गतको लामखुट्टे ‘खोज र नष्ट गर’ अभियान दुई महिना अगाडीदेखि सुरु गरेको भए




यस्तो अवस्था नआउने टिप्पणी गरे । एकै परिवारका सदस्य पालैपालो अस्पताल पुगेपछि आफूलाई त्यत्ति बेला देखिनै घर-घरमा डेंगु पुगेको महशुश गर्न थालेको उनले बताए । डा.पुनले आफूले एक दिनमा ७०/८० जनासम्म डेंगुका बिरामी जाँच्ने गरेको सुनाए । पछिल्लो समय व्यवसायीहरूले वरिपरि लामखुट्टे धपाएर बस्ने कि कारोबार गर्ने चुनौती आएको भन्दै उनले यस्तो समस्या देशमा मात्र नभई विश्वभर नै भएको बताए ।

नेपालले कोभिड महामारीबाट पनि पाठ नसिकेकोले आज यो अवस्था आएको र अब पनि पाठ नसिके अझै ठुलो समस्या ननिम्ताउला भन्न नसकिने उनको भनाइ थियो । उनले डेंगुको प्रकोप आम मानिसको लुकेको पीडा भएको बताए ।

सरुवा रोग विशेषज्ञ डा.गरिबदास ठाकुरले डेंगु रोग चार प्रकारको हुने बताए । यसबाट संक्रमित हुन एउटा लामखुट्टे एक व्यक्तिको आवश्यकता पर्ने उनले बताए । डेंगु एउटा मानिसबाट अर्को मानिसमा नसर्ने उल्लेख गर्दै लामखुट्टेको टोकाईबाट मात्र संक्रमित हुने स्पष्ट पारे । सबै लामखुट्टेले टोक्दैमा संक्रमित नहुने जानकारी दिँदै डा. ठाकुरले एडिस जातको पोथी लामखुट्टेले टोकेमा मात्र महामारी फैलिने बताए । डेंगु महामारी सेप्टेम्बरमा सुरु भएर नोभेम्बरमा सम्म हुने र वर्षातको सिजनमा धेरै समस्या उत्पन्न गराउने बताए ।

डा. ठाकुरले २००४ मा आफ्नो नेतृत्वमा नेपाल डेंगु प्रभावित राष्ट्रको रूपमा विश्व स्वास्थ्य संगठनमा राख्न सफल भएको पनि बताए । हरेक ३ देखि ४ वर्षमा यसको प्रकोप देखा पर्ने भन्दै उनले प्रत्येक वर्ष सचेत हुनुपर्ने बताए ।

## नौ हजारभन्दा बढीले बुझाएनन् खर्च विवरण

**सुर्खेत–** कर्णाली प्रदेशका स्थानीय तहका नौ हजारभन्दा बढी उम्मेदवारले खर्च विवरण बुझाएका छैनन् । गत वैशाखमा भएको स्थानीय तह निर्वाचनमा भाग लिएका प्रदेशका नौ हजारभन्दा उम्मेदवारले अझै खर्च विवरण नबुझाएको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचन आयोगका अनुसार खर्च विवरण नबुझाउने पालिका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षलगायतका पराजित र निर्वाचित गरी प्रदेशका नौ हजार ६ सय ९२ जना उम्मेदवारले विवरण नबुझाउँदा जरिवानामा परेका छन् । पराजित उम्मेदवारमध्ये अधिकांशले खर्च विवरण बुझाएका छैनन् भने निर्वाचितमध्ये पनि करिब आधा जति जनप्रतिनिधिले खर्च विवरण बुझाएका छैनन् । दश जिल्लाका ७९ पालिका रहेको कर्णालीका कारबाहीमा पर्ने पराजित र निर्वाचित चार सय ५९ जना नगरपालिका प्रमुख र उपप्रमुख छन् ।

यस्तै, तीन सय १८ गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष रहेका निर्वाचन आयोगले जनाएको छ । जरिवानामा पर्नेमा सबैभन्दा जुम्लाका धेरै छन् । जुम्लाका आठ पालिकाका प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्ष गरी ८९ जना छन् । विवरण नबुझाएर अन्य नगरपालिका र गाउँपालिकाका गरी कालीकोटका ८७, सल्यानका ६२, दैलेखका ४२, डोल्पाका ३३, मुगुका ३१, हुम्ला ३० जना उम्मेदवारले खर्च विवरण नबुझाएका हुन् ।

यस्तै, रुकुम पश्चिमका २५, सुर्खेतका २२ र जाजरकोटका १४ रहेका निर्वाचन आयोगले जनाएको छ । यस्तै, कर्णाली प्रदेशका ७९ वटै पालिका वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र सदस्य गरी नौ हजार दुई सय १६ जना छन् । त्यसमध्ये चार हजार एक सय ४५ जना नगरपालिकाका छन् भने पाँच हजार ७१ जना गाउँपालिका वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र सदस्य रहेका निर्वाचन आयोगले जनाएको छ । निर्वाचन आयोगले नगरपालिका प्रमुख र उपप्रमुखलाई चार लाख ५० हजार, गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई तीन लाख ५० हजार, नगरपालिकाका वडाध्यक्ष र सदस्यलाई दुई लाख र गाउँपालिकाका वडाध्यक्ष र सदस्यलाई एक लाख ५० हजार जरिवाना तोकेको छ । अबको छ महिनाभित्र जरिवाना नबुझाएमा छ वर्षसम्म उम्मेदवार बन्न नपाउने निर्वाचन आयोगले जनाएको छ । *रासस*

# डा. गुरुङको बहुआयामिक व्यक्तित्वबारे चर्चा

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वर्गीय डा. हर्क गुरुङको १६औं स्मृति दिवस भव्य मनाइएको छ । नेपाल पर्वतारोहण संघ (एनएमए) सहित विभिन्न चार वटा संघ संस्थाहरूको संयुक्त आयोजनामा काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी स्वर्गीय डा. हर्क गुरुङको बहुआयामिक व्यक्तित्वको चर्चा गरिएको हो । ‘वर्तमान सन्दर्भमा जनसंख्या, आन्तरिक बसाइसराई र पर्वतीय पर्यटनः एक सिंहवालोकन’ शीर्षकसहित आयोजना गरिएको कार्यक्रममा स्वर्गीय डा. गुरुङका विद्यार्थी प्राध्यापक डा. भीम प्रसाद सुवेदी र डा. योगेन्द्र गुरुङले कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रममा डा. गुरुङले नेपालको भौगोलिक विभाजन, जनसंख्या, बसाई सराई, पर्वतीय पर्यटन र अन्य विभिन्न क्षेत्रमा पुराएको योगदानको चर्चा गरिएको थियो । ‘स्वर्गीय डा. गुरुङ यस्ता सर्वस्विकार्य व्यक्तित्व हुनुहुन्थ्यो कि उहाँले बोलेपछि सबैले



विश्वास गर्थे । उहाँको योगदानलाई कुनै एक विषयमा मात्रै सीमित गर्नु कठीन छ । नेपालको भविश्य पर्यटन हो भनेर चिनाउने व्यक्तित्व नै उहाँ हो । उहाँले गर्नुभएको अनुसन्धान र प्रकाशित पुस्तकहरूबाट पनि यो तथ्य प्रमाणित भएको छ’, प्राध्यापक डा. सुवेदीले स्वर्गीय डा. गुरुङबारे भने ।

भुगोल विद्, नेपालको पहिलो पर्यटन मन्त्री, एनएमएका संस्थापक एवं संस्थापक सल्लाहकार स्वर्गीय डा. गुरुङको १६ वर्षअघि बन्य जन्तु संरक्षण सम्बन्धित कार्यक्रममा सहभागी भएर फर्कने क्रममा ताप्लेजुङको घुन्सामा हेलिकप्टर दुर्घटनामा परी देहान्त भएको थियो ।

उनकै सम्झनामा एनएमएसहित गुरुङ पर्यटन व्यवसायी संघ, नेपाल (जिटिन), तमू बौद्ध सेवा समिति र न्यु एराले संयुक्त आयोजना स्मृति सभाको आयोजना गरेको हो ।कार्यक्रममा एनएमएका अध्यक्ष निमा नुरु शेर्पाले स्वर्गीय डा. गुरुङ भने, ‘नेपाली पर्वतीय पर्यटनका प्रणेता भएको बताए । नेपालको पर्वतीय पर्यटनलाई व्यवस्थित बनाउने मात्रै हैन उहाँ मन्त्री हुँदा एनएमएमार्फत प्राप्त कार्डलाई मान्यता प्रदान गरी यस क्षेत्रमा कार्यरत पर्वतीय पथ प्रदर्शक र अन्य कर्मचारीहरूको भविश्यलाई सुनिश्चित गर्ने काम उहाँले गर्नुभएको छ’, अध्यक्ष शेर्पाले भने, ‘उहाँ नहुनुभएको भए सम्भवत हामी र नेपालको पर्वतीय पर्यटन अहिलेको अवस्थामा आइपुग्ने थिएन ।’

कार्यक्रममा नेपाली पर्यटन क्षेत्र र विभिन्न संघ संस्थाहरूसँग सम्बन्धित व्यक्तित्वहरूको सहभागीता रहेको थियो । जिटिनका अध्यक्ष पिताम्बर गुरुङले सञ्चालन गरेको कार्यक्रममा न्यू एराका योगेन्द्र प्रसाईले सहभागीहरूलाई धन्यवाद व्यक्त गरेका थिए ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## दुर्घटना न्यूनीकरणमा जिम्मेवार बनौं

चाडपर्व नजिकिएसँगै राजधानीबाट बाहिर जाने यात्रुको चाप बढ्न थालेको छ । राजधानीमा विभिन्न पेसा, व्यवसाय तथ अध्ययनका लागि बसोबास गरिरहेका मानिसहरू चाडपर्व मनाउन आफ्नो घर फर्कने गर्दछन् । यो समय लाखौं संख्यामा मानिसहरू बाहिरिने गरेका छन् । यसरी एकैपटक धेरैमानिस बाहिरिँदा यात्रुको चाप उच्च हुने गर्दछ । चालक तथा यातायात व्यवसायीको लापरवाहीका कारण यो समयमा धेरै दुर्घटना हुने गर्दछ । जसले गर्दा अकालमै धेरैले ज्यान गुमाउनुपर्छ । यस्तो घटना हरेक वर्ष दोहोरिने गरेको छ ।

बिहीबार मात्रै दुई छुट्टा–छुट्टै सवारी दुर्घटनामा १२ जनाको मृत्यु भयो भने ३८ जना घाइते भए । मकवानपुरको भीमफेदी र रुकुमपूर्वको भूमे गाउँपालिकामा यात्रुवाहक बस दुर्घटनामा परेका हुन् । दुवै बस काठमाडौंबाट यात्रु बोकेर जाँदै गरेका थिए । यस्ता दुःखद् घटना दोहोरिन नदिन सरकार र सरोकारवाला सबैको ध्यान जानुपर्छ ।

त्यसो त चाडबाडको समयमा यात्रुले सहजरूपमा बस नपाउने समस्या छ । सरकारले अग्रिम टिकट बुकिङ खोलिसकेको छ । तर, यात्रुले टिकट पाउन निकै सकस बेहोर्नुपर्ने अवस्था छ । यही बेला यातायात व्यवसायी तथा बिचौलियाहरूले यात्रुसँग महँगो भाडा लिएर यात्रुमाथि ठगी गर्ने गर्दछन् । यसतर्फ सरकारका संयन्त्रहरू सतर्क बन्न आवश्यक छ । यात्रु स्वयं पनि ठगिनबाट जोगिनुपर्छ ।

यसैबीच सरकारले चाडपर्वका बेला सवारी दुर्घटना रोकथाम तथा यातायातको सहज व्यवस्थापनका लागि 'टाइम कार्ड' लागू गर्ने भएको छ । सवारी दुर्घटना रोकथाम तथा यातायातको सहज व्यवस्थापनका लागि आवश्यक निर्देशनसमेत दिने गरी बनेको समितिको शनिबारको बैठकले गन्तव्यस्थलमा छिटो पुग्ने बहानामा तीव्रगतिमा सवारी चलाउने प्रवृत्तिलाई निरुत्साहन गर्न टाइम कार्ड लागू गर्ने निर्णय गरेको हो । यो निर्णय स्वागतयोग्य छ ।

समितिले नेपाल प्रहरी, यातायात व्यवस्था विभाग तथा यातायात व्यवसायीको समन्वयमा राजमार्गमा स्थान पहिचान गरी टाइम कार्ड लागू गर्नेसहित विभिन्न १४ निर्णय गरेको छ । समितिका संयोजक गृह प्रवक्ता फणिन्द्रमणि पोखरेलको अध्यक्षतामा बसेको बैठकले चाडपर्वको समयमा सवारीसाधनको छतमा बसी यात्रा गर्न र झुण्डिएर यात्रा गर्न नदिने तथा त्यसका लागि आवश्यकतानुसार अनुगमन गर्ने निर्णय पनि गरेको छ ।

बैठकले हरेक सार्वजनिक सवारीसाधनमा प्राथमिक उपचार किट, प्रहरी हटलाइन नम्बरलगायतका आवश्यक सूचना रहेको स्टिकर, दुर्घटना भएमा संकेत गर्ने वस्तु राख्ने र सवारीसाधन स्यानिटाइज गर्ने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ । चालकले अस्वाभाविक किसिमले सवारी चलाएमा गुनासो गर्न फोन नम्बर सार्वजनिक गर्ने र त्यस्तो गुनासो सुनी तत्काल परिचालित हुन सबै प्रहरी युनिटलाई निर्देशन दिनेगरी आवश्यक व्यवस्था मिलाइने भएको छ ।

यी निर्णय स्वागतयोग्य भए पनि कार्यान्वयनमा कडाइ नगरिए समस्या हट्ने देखिन्न । किनकि, विगतमा पनि यस्ता धेरै निर्णय हुने तर कार्यान्वयन नहुने समस्या छ । त्यो समस्यालाई सरकारले दोहोऱ्याउनु हुन्न । उपरोक्त निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने हो भने यात्रुको सुरक्षा केही हदसम्म सुनिश्चित हुनेछ । त्यसैले निर्णय कार्यान्वयनमा सरोकारवाला सबै जिम्मेवार बन्नुपर्छ । निर्णयको पालना नगर्ने व्यवसायी तथा चालकलाई तत्काल कारबाही गरिनुपर्छ । चाडबाडको बेला हुने सवारी दुर्घटना रोक्न पछिल्लो निर्णय कोशेढुंगा सावित होस् भन्ने कामना गरौं । दुर्घटना न्यूनीकरणमा सबै जिम्मेवार बनौं ।

### मनन्योग्य

### चाणक्य नीति

अनि चाणक्य जसले आफ्ना बाबुबाट तक्षशिला (हाल पाकिस्तान इलासमवाद नजिकको टक्सिला) विशवविद्यालयको नाम सुनेका थिए जुन मगधभन्दा सयकडौं माइल टाढा गान्धार प्रान्तमा थियो । केही बन्ने शिक्षा प्राप्तिको चाहना लिएर उनी त्या डरलाग्दो अँधेरी रातमा नै त्यसतर्फ हिँडे ।

प्रतिशोध ज्वाला र अदम्य साहस, लगनले पनि मानिसलाई कस्तोबाट कस्तो बनाइदिन्छ । चाणक्य यस्तो डरलाग्दो रातमा पनि अगाडि बढेर गइरहेथे । उनलाई भोक, प्यासको चिन्ता थिएन, वर्षाको आवेग, आकाशको गड्गडाहट। डरलाग्दो जंगल, बाठाका काँढा। ढुंगाले जब उनलाई कुनै अर्थ राख्दैन थियो, उनी बढ्दै जादैछन् ...। कि अचानक अँध्यारोमा एउटा ढुंगामा ठक्कर खाएर उनी लडे । मुख ढुंगामा पऱ्यो, अगाडिका दुईवटा दाँत भाँचिए, मुखबाट रगतको धारा बग्दै वर्षाको पानीसँगसँगै मिसिएर पृथ्वी रातो भयो । रगत बगिरहयो असहय वेदनाले पनि मानौं यस बालकको दृढतालाई डगाउन सकेन किन कि एकछिनपछि नै रगतले मुछिएका चाणक्यले उठेर लर्खराउँदै फेरि आफ्नो गन्तव्य लिए । ...उनी सोच्तै थिए कि म जति सक्छु चाँडो मगधको सीमाबाट बाहिर निक्लिऊँ ।

शारीरिक शक्ति पनि कतिसम्म साथ दिन्छ । अन्तमा शिथिल भएर उनी एउटा ढुंगामा शिर राखेर पल्टिए । एकैछिन्मा नै निद्राले उनलाई आफ्नो काखमा लिइन् ।

बिहानको समय, सूर्यादय हुनेबेला अनि आकाशमा सिन्दुरको जस्तो छटा देखिन लागेको थियो । नित्यकर्म स्नान ध्यान सकेर मानिस आवात जावत गर्न थालेका थिए । गंगा किनारामा कुनै एउटा ब्राह्मणले पनि स्नान गरे । त्यसपछि गंगामा गंगाजलको नै अञ्जली अर्पण गरे । आफ्नो कमण्डदुबाट सूर्यतिर मुख फर्काएर जल चढाएर र मन्त्र उच्चारण गर्दै सूर्यको उपासना/प्रार्थना गरे । **क्रमशः**



▸▸ पदम श्रेष्ठ

# चर्कोल अर्थात् गोल कलाका चित्रकार बाबुछोराको सिर्जना

सिंहले साँढेलाई मारेर खाइदिन्छ । साँप, मयुर र मुसा एक आपसमा भेट भए जिउँदो छोड्दैन । तर, चार्कोल आर्टिस्ट सुरेशकुमार द्यःलाद्धारा सिर्जित कलामा गणेश, कुमार र शिव पार्वतीको संयुक्त परिवार देखाइएको छ । सुरेशका चित्रकलामा शिवपुराणका हरेक कथालाई मुसुमुसु हाँसिरहेका पात्रका रूपमा प्रस्तुति दिइएको छ ।

'सत्यम् शिवम् सुन्दरम्' शीर्षकमा आधारित कलाको विषयवस्तु पुरानै हो तर चित्रकार द्यःलाले नयाँ ढंगले प्रस्तुति गरिदिंदा शिवपुरान नै अलौकिक बन्न गएको छ । नन्दीले बजाएको दमाहाको तालमा शिवले नृत्य गरेको देखाइनु, साँढे वाहन चढेका महादेवले शक्तिकी प्रतीक दूर्गा (पावर्ती) लाई महिषासुर वधका लागि शक्ति प्रदान गरिरहेको चित्रकलामा देखाइनुलाई सुरेशको कलाले लुकेको कथावस्तुलाई उजागर गरिदिएको प्रतिक्रिया पाएका छन् ।

कलाबारे चित्रकार सुरेश भन्छन्, 'प्रत्येक जीवित आत्मा शिव हुन्, अदृश्य शक्ति शिव सधैं सत्यको पक्षमा उभिन्छन् भने क्रोध पनि न्यायको पक्षमा गर्ने हुँदा शिव सधैं सुन्दरम् हुन्छन् त्यो मेरो विश्वास हो । त्यसैले बालखैदेखि थालेको चित्र लेखन संकलनको २० वर्षे संगालोको शीर्षक सत्यम् शिवम् सुन्दरम् राखिएको हो ।'

कलाकार द्यःलाको चित्रमा आफ्नै समुदायको नश्ल मिल्ने पात्रहरू देखिए पनि चरित्र रङको संयोजन महाभारतकालीन कथावस्तुमा आधारित देखिन्छ । कलाकार द्यःला भन्छन्, 'कोरिएका चित्रकलालाई शिवपुराणको कथावस्तुलाई जस्ताको तस्तै नबुझी व्यावहारिक सत्यको रूपमा आत्मसात् गर्नुपर्दछ ।'

सुरेशका प्रत्येक चित्रकलाले कुनै न कुनै रूपमा दर्शनलाई समेटेको पाउँदछौं, उदाहरणका लागि शिवका अर्धनारेश्वर चित्रले महिला र पुरुषको समायोजनबाट मात्र सृष्टि सम्भव हुन्छ भन्ने तथ्य थाहा पाएपछि सृष्टिकर्ता ब्रह्म नै तीनछक्क परिरहेको देखाइएको छ भने रावणले कैलाश पर्वत उचालेको देखाइनु बेलाबेलामा द्वैत्य आत्माहरूले देवराज्य पनि हल्लाउन सक्छ भनी देखाइएको तथ्य उजागर गरेको बताइन्छ । चित्रकलामा कलाकार द्यःलाले पृथ्वीरुपि मातापिता शिव पार्वतीको परिक्रमा गरी देवतामा प्रथम पुजाको अधिकार पाउन सफल कथालाई चित्रित गरिँदा कुमारजस्तो मुढेबलभन्दा बुद्धिले काम गर्नु असल भन्ने सन्देश दिइएको छ । शिवका अनेक विवाहमध्ये पार्वतीसँगको आधिकारिक विवाहलाई हर्ष र सतिदेवीसँग उनको पार्थिव शरीर बोकेर हिँड्दा-हिँड्दा बिछोडको विवाहलाई चित्रांकित गरिएका छन् ।

सन् १९७४ मा लगनखेल ठटी टोलमा जन्मिएका कलाकार सुरेशकुमार सानैदेखि हजुरबुवा मोतीभाइ द्यःलाबाट तन्त्र विद्या र पिताजी बाबुराजा द्यःलाबाट चार्कोल (गोल) रङबाट चित्र कोर्न सिकेको हुँदा आफ्नो चित्र सिर्जनामा तन्त्र र चार्कोलको संयोजन पाइने बताउँछन् । तन्त्र शक्तिको आह्वान गरी चार्कोल कलाको संयोजनमा सिर्जित चित्रकला २०५८ सालमा नेपाली मुहारचित्र प्रदर्शनी भइसकेको छ भने २०६० सालमा हाम्रा कवि र साहित्यकार नामक दोस्रो एकल प्रदर्शनी सम्पन्न गरिसकेका छन् ।

चित्रका साथ साथमा संस्कृत भाषाका मन्त्र कविता पनि राख्ने हुँदा चित्रकविको उपनामबाट प्रख्यात चित्रकार सुरेशकुमार द्यःला २०४५ सालमा भानुभक्त मुहार चित्रकला प्रतियोगितामा प्रथम र २०७४ सालमा क्यान कला पुरस्कारबाट पुरस्कृत भएका थिए । चौथो चित्रकला प्रदर्शनी लोपोन्मुख तर अलौकिक चित्रकला लेखनमा लागिरहेका छोरा सुरेशको प्रगतिमा प्रफुल्लित पिता बाबुराजा द्यःला भन्छन्, 'लगनखेलस्थित फाइन आर्ट इन्स्टिच्युटको सिर्जना आफ्नो छोराले बाबुको कलालाई अझैं परिमार्जितरूपमा अगाडि बढाइरहेकोमा एकदम खुसी लागेको बताउँछन् । 'अंगुरको मसिनो हाँगालाई जलाएर बनाएको पेन्सिलबाट चित्र कोर्न थालेको सम्भवतः मुलुककै पहिलो प्रयोग होला भन्ने लाग्छ मलाई,' सुरेशको भनाइ छ । एमस कलेज लगनखेलमा आर्टस पढाउने चार्कोल कलाकार बाबुराजा भन्छन्, 'यो कलालाई मेरा विद्यार्थीहरूबाट पनि वयापक बनाउँदै लाने कुरामा म विश्वस्तट छु ।'




'सत्यम् शिवम् सुन्दरम्' शीर्षकमा आधारित कलाको विषयवस्तु पुरानै हो तर चित्रकार द्यःलाले नयाँ ढंगले प्रस्तुति गरिदिंदा शिवपुरान नै अलौकिक बन्न गएको छ । नन्दीले बजाएको दमाहाको तालमा शिवले नृत्य गरेको देखाइनु, साँढे वाहन चढेका महादेवले शक्तिकी प्रतीक दूर्गा (पावर्ती) लाई महिषासुर वधका लागि शक्ति प्रदान गरिरहेको चित्रकलामा देखाइनुलाई सुरेशको कलाले लुकेको कथावस्तुलाई उजागर गरिदिएको प्रतिक्रिया पाएका छन् ।

**ललितपुर लगनखेलस्थित आफ्नै घरमा बारा आर्ट ग्यालरी,**

ग्यालरीभित्र एक हुल आर्ट सिक्ने र नयाँ कला सिर्जनामा तल्लीन थिए, क्यानभासहितको किशोर-किशोरीहरू । लाग्थ्यो, क्यानभासमा कला सिर्जनामा व्यस्त विद्यार्थीहरू आफैं चित्र हुन् । बारा अर्थात् बाबुराजा गुरूले प्रशिक्षार्थीहरूलाई सम्बोधन गर्दा झ्याप्ले, गोरी, मुन्द्रे, सिल्की अनेक उपनाउँबाट सम्बोधन गर्दै गर्दा जब हामी आर्ट ग्यालरी पुग्यौं । तत्काल चार्कोल आर्टिस्ट द्यःला अर्डर फर्माउँछन् ।

ल, फलानाहरू हो, त्यो आर्टस् फिजाइदेऊ, क्यानभाष हटाएर । लाग्थ्यो, पहिलेदेखि नै सुटिङको तयारी थियो र हाम्रो उपस्थिति हुनासाथ रिल चालु भन्दै निर्देशकद्वारा अर्डर कार्यान्वयन भइरहेको छ, त्यो सुटिङ युनिटलाई ।

जब चार्कोल आर्टिस्ट बारा अर्थात् बाबुराजा द्यःलाको आदेश पाउँछन्, तत्काल विद्यार्थीहरूले उनीद्वारा सिर्जित चित्रहरू बालकृष्ण समदेखि जराजुरी कला सर्जक नरेन्द्रबहादुर श्रेष्ठसम्म, नेपालमा अब्सट्र्याक्ट आर्ट भित्र्याउने कलाकार गेहेन्द्रमान अमात्य र लैनसिंह वाङ्देलदेखि भगवान गणेशको मात्र चित्रकला बनाउने कलाकार वत्सगोपाल वैद्यका मुहार चित्रहरू भुइँमा फिजाउँछन् ।

कलाकार द्यःलाले अमर चित्रकारदेखि मूर्तिकार ठाकुरप्रसाद मैनालीसम्म, कुलपति केके कर्माचार्य घोडाका अनेक भावका चित्र बनाउने प्रख्यात चित्रकार शशी शाह, कलामा पिएचडी गरेका व्यक्तित्व डा. विमल भौकाजीसम्मका मुहार चित्रहरू चित्रकार बाराले बनाएका छन् । चार्कोल माध्यमकै पहिचान बनाउन सफल बाराले भने यी चित्रहरू १२ 'वि' पेन्सिलले कोरेका हुन् । कलाकार बारा अर्थात् बाबुराजा द्यःलाले आफूसहित देशमा प्रतिष्ठित कलाकारहरूको मुहारचित्र कोर्नुको मूल लक्ष्य कला सर्जकहरूबीच एक-अर्काको सम्मानको परम्परा बनाउनु हो ।

उनी भन्छन्, 'चित्रकारले सबै कुरामा कला सिर्जना गर्न सक्दैनन्, तर प्रायः सबै कला सर्जकहरूका छुट्टा-छुट्टै अस्तित्वद्वारा पहिचान बनाएको हुन्छ, त्यसैले एकले अर्कोको कलाको सम्मान गर्न पहिचानमुखी व्यक्तित्वहरूको चित्रकला तयार गरेको हुँ ।' उनलाई लगनखेलवासीले चार्कोल कलाकार, बारा चित्रकार वा फ्रि हच्याण्डस आर्टिस्टका रूपमा पनि चिन्दछन् । कारण, कलाकार बाराले जो कसैको पनि मुहारचित्र एकै मिनेटमा स्केज नकोरी बनाइदिन्छन् । उनलाई फोटो खिच्ने चलन नभएको बेला विभिन्न व्यक्तिहरूले आफ्नो मुहारचित्र बनाइदिन अनुरोध गर्थे ।

**बाराको चित्रकलाको इतिहास उनकै शब्दमा...**

सानै बेलाको कुरा हो, मन्दिरका भित्ताहरू जहाँ हेरे पनि चित्र देख्न थालें । जहाँ केरेको देखे पनि मलाई रमाइलो लाग्थ्यो । चित्रै चित्र देख्थे म । त्यस्तैमा लगनखेलको महालक्ष्मी मन्दिरनिरको पाटीमा सङ्लाँ (चकजस्तै) चिया पिउने कपको चित्र कसले कोरेर छोडेका रहेछन् । त्यो चित्र समान्य नै थियो तर चित्रले मेरो मनमा चित्रकलाप्रतिको मोह व्यापक बनाइदियो ।

महालक्ष्मीथानको त्यो चित्र देखेलगत्तै लगनखेलकै बटुक भैरव क्षेत्रमा देखेको प्रत्येक कलाहरू हेरें । मरूभूमिमा प्यासीले पानी पाएजस्तो, भोकाएकोले चौरासी व्यञ्जन पाएजस्तै अनुभूति लागेपछि मैले बटुक भैरवको मन्दिरमा बाली राखेको आगो निभेपछि बचेको गोल टिपें । त्यो गोलको चकले आशामार चुरोटको खोलमा चित्र कोर्न थालें । त्यो पहिलो चित्र भगवतीकै थियो । विनातालिम गोलले कोर्न थालेदेखि म भित्रको चित्रकारिताप्रतिको हुटहुटी यति तीव्र गतिमा बढ्न थाल्यो कि मच्छिन्द्र नमूना लगनखेलबाट एसएलसी र पाटन क्याम्पसबाट कमर्समा व्याचलर पढेको मान्छे त चित्रकार पो भएर निस्किएछु । त्यत्तिखेर अहिलेजस्तो बनिबनाउ वा तयारी रङ पाइँदैनथ्यो । पाइहाले पनि किन्न सक्ने औकात नै थिएन ।

चित्रकारहरूले थाङ्का/पौभा बनाउँदा प्रयोग गर्ने ढुंगा, पात आदि घोटेर पगालेर बनाउने रङ पनि हाम्रो कल्पनाबाहिरको कुरा थियो । त्यसैले मेरो चित्रकला सिर्जनाको साधन नै गोल बन्न पुग्यो । यो मेरो मनभित्रदेखि उभार भएको चित्रकलाकारितालाई मेरो गुरू रमानन्द जोशीले बाटो देखाउनुभयो । वि.सं. २०३२ सालको कुरा हो, गुरूले बम्बैबाट ग्रेट आर्टिस्टको उपाधिसहित पढेर नेपाल आउनुभयो । उहाँ बम्बैबाट फर्किनुभएपछि रत्नपार्क मिनि मार्केट (काठमाडौंका मेयर केशव स्थापितको पालामा भत्काएको ठाउँ)मा जेके आर्ट ग्यालरी खोल्नुभएको थियो । मैले उहाँलाई भनेर मभित्रको चित्रकारितालाई उतार्न चाहें । मासिक ३५ रूपैयाँ साझा बसमा आवतजावत गर्दा २० पैसा खर्च गर्नुपर्थ्यो,आयस्रोतको कुनै उपाय नभएपछि गुरूसँग तीन महिनामात्र पढ्न पाएँ । तर, गुरूले राजा वीरेन्द्र सरकारको राज्याभिषेकमा चित्र लेख्ने तुल व्यानर बनाउने काममा लगाइदिनुभयो । त्यसबाट आफैं कमाउन थालें । त्यसपछि आफ्नो खल्ती खर्च चलाउन सक्ने भएँ । मैले थालेको चार्कोल आर्टसलाई नयाँ, नयाँ प्रयोग गर्न सिकें । मेरा गुरू जोशी सरले पनि चार्कोल पेन्सिल त इण्डियामा उत्पादन नै हुने चाहेमा उपलब्ध गराउन सकिने बताउनुभएपछि चार्कोल पेन्सिल ल्याएर पनि चित्र बनाइयो । मुलतः मैले जीवनमा व्यक्तिचित्र नै बनाएँ । एक जना व्यक्ति एउटा इतिहास नै हुन्छ भन्ने लाग्छ मलाई ।

चार्कोल/गोल पेन्सिलबाट चित्र नमेटियोस् भनेर चार्कोल स्प्रे, महँगो परेपछि आफ्नै प्रयासमा व्युटिपार्लरमा प्रयोग गर्ने हेयर स्प्रे गर्न थालें । चित्र बनाउँदा म यस्तो विधि अहिले पनि अपनाउँछु । एवंरीतले कलाकारिता अगाडि बढिरहेकै थियो । चार्कोल आर्ट आफैंले लेख्ने वा अर्डरअनुरूप बनाएर बेच्ने गर्दै नै थिएँ । दुई-चार सयमा बिक्री थालेको चित्रकला वर्तमानमा ५० हजार रूपैयाँभन्दा माथिका छन् । चित्रको मूल्य खासै यति नै भन्ने हुँदैन । होटल याक एण्ड यतीलगायतका व्यापारिक निकायहरू र विभिन्न व्यक्तित्वहरूले मेरो चित्र घरमा सजाएर राखेका छन् । तर, एक्कासि भारतले नाकाबन्दी गरिदिएपछि चार्कोल पेन्सिल बन्द भयो । त्यसपछि म पनि घुम्दै फिर्दै रूम्जाटार भनेजस्तै पुरानै गोलले लेख्नेमा फर्किएँ । गुरू रमानन्द जोशीले भन्नुभयो- यो पेन्सिल हामीले यही बनाउन सक्छौं तर कसरीको जवाफमा थाहा पाइयो । कि अंगुरको हाँगालाई एउटा गोल्टनमा भने र गोल्टिनसमेत आगो बालिरहेको भुंग्रोमा राखेर जलाउने गर्दा त पेन्सिल तयार हुने रहेछ । हाल म त्यसकै माध्यमबाट चित्र कोर्छु र सिक्न आउने विद्यार्थीहरूलाई पनि प्रशिक्षण दिँदै आएको छु ।



**भीड बजार** | भोजपुर सदरमुकाममा लाग्ने साप्ताहिक शनिबारको हटिया । चाडपर्व नजिकिएसँगै हटियामा भिडभाड समेत बढेको छ ।

*तस्बिरः रासस*

# सीमापारि दसैंको रौनक, वारि सुनसान

**कपिलवस्तु–** दसैं जति नजिकिँदै छ किनमेल पनि त्यति बढ्दै छ । व्यापार चम्कँदै छ । तर नेपालमा होइन सीमापारि ।

दसैंको मुखमा पनि कपिलवस्तुका मुख्य बजारहरू सामान्य सरह छन् । सदरमुकाम तौलिहवा, कृष्णनगर, चन्द्रौटा, गोरुसिङ्गे, जितपुर, गोरुसिङ्गे, पकडीलगायतका मुख्य बजारमा दसैंको कुनै रौनक छैन् । दसैंलाई सस्तो, राम्रो र आकर्षक सामग्री खरिदका लागि भन्दै नेपालीहरू सीमावर्ती भारतीय बजारमा ओर्लिएपछि पुनः नेपाली व्यापारीको समस्या विगतका वर्षभन्दा कम छैन यतिखेर । सीमापारिका बढ्नी, खुनुवा, अलिगढवा लगायतका भारतीय बजारमा यतिखेर नेपालीको बाक्लो चलहपहल देखिन्छ ।

दसैंका लागि अत्यावश्यक वस्तुदेखि विलाशिताका सामग्री किन्न नेपाली भारतीय बजारमा निर्भर देखिन्छन् । यसपालिको दसैंमा नेपालमा हरेक सामानमा मूल्य बढेको छ । त्यसैले पनि भारतीय बजारमा नेपाली उपभोक्ताको आकर्षण बढेको हो ।

मुख्यगरी नेपाली उपभोक्ताहरू लत्ताकपडा, जुत्ता चप्पल, चिनी, दाल, तेल तथा टिभी, फ्रिजसम्म किन्न भारतीय बजार धाउछन् । सीमापारिका बजारमा पाइने वस्तु नेपाली बजारमा महँगो हुने भएकाले आफू भारतीय बजारतर्फ आकर्षित भएको बुद्धभूमि नगरपालिका-९ की मनिषा भाटले बताइन् ।

'नेपाली बजारमा ६ हजार पर्ने कुर्ता सुरुवाल भारतीय बजारमा दुई हजार बढी पर्दैन, दसैं खर्चिलो छ, बचत त गर्नै पर्‍यो', 'इमिलियाबाट बढनी किनमेलका लागि गएकी भाटले भनिन् ।

खाद्यान्न वस्तुहरू पनि सस्तो भएकाले उपभोक्ताहरू भारतीय बजारमा आकर्षित हुने गरेको देखिन्छ । जिल्लाका प्रत्येक क्षेत्रमा सरकारले सस्तो पसल सञ्चालन गरेमा उपभोक्ता भारतीय बजारमा कम जाने उपभोक्ता हकहित संरक्षण मञ्चले जनाएको छ । भारतीय बजारभन्दा पनि सस्तोमा लत्ताकपडा दिए पनि उपभोक्ताले गुणस्तरीय नभएको आरोप लगाउने गरेको कृष्णनगरमा कपडा पसल सञ्चालन गरेर बस्नुभएकी सीता घिमिरेले बताइन् । भारतीय कपडा आयात गर्दा लाग्ने भन्सार महसुल, कर तथा ढुवानी खर्चका कारण स्वतः नेपालमा कपडा महँगो हुन जाने उनी बताउँछिन् ।

कृष्णनगर र मर्यादापुर भन्सार कार्यालयका अनुसार एक सातामा जिल्लाका विभिन्न सीमानाकाबाट कपडा र उपभोग्य वस्तुको आयात बढेको छ । दैनिक उपभोग्य र व्यक्तिगत प्रयोजन भन्दै उपभोक्ताले ती वस्तुहरूको भन्सारसमेत नतिर्दा राज्यलाई समेत लाखौं राजश्व घाटा लाग्ने गरेको छ ।

कपिलवस्तु व्यापार संघका अध्यक्ष महादेव पोखेलले भारतीय बजारमा नेपाली उपभोक्ता ठगिने गरेको आरोप लगाए । केही वस्तु सस्तोमा दिएर अन्य वस्तुहरूमा चर्को मूल्य लिएर नेपाली उपभोक्ता ठगिने गरेको उनले बताए । 'नेपालीको मानसिकता सीमापारि सस्तो सामान पाइने भन्ने छ, त्यसैको फाइदा उठाउँदै व्यापारीले ठग्ने गर्दछन्', उनी भन्छन् । *रासस*

# काभ्रेमा तीन लाख १० हजार मतदाता

**काभ्रेपलाञ्चोक–** यहाँ चार महिनाको अवधिमा छ हजार पाँच सय ६० मतदाता थपिएका छन् । गत स्थानीय तहको निर्वाचनमा जिल्लामा तीन लाख तीन हजार पाँच सय ६० रहेका थिए । आसन्न निर्वाचनमा जिल्लाका तीन लाख १० हजार ६३ मतदाताले मतदान गर्ने भएका छन् ।



जिल्ला निर्वाचन कार्यालयको अन्तिम मतदाता नामावलीअनुसार उक्त संख्या कायम भएको हो । त्यसमा एक लाख ५७ हजार नौ सय ४७ पुरुष, एक लाख ५२ हजार एक सय १४ महिला र अन्य दुई मतदाता रहेका छन् ।

यस्तै आगामी मंसिर ४ गतेका लागि एक सय ९० मतदानस्थलका तीन सय ८९ मतदान केन्द्र तोकिएको छ । जिल्लामा एउटा मतदानस्थल र आठ मतदान केन्द्र थप भएको जिल्ला निर्वाचन अधिकारी उमेश राईले जानकारी दिए ।

प्रतिनिधसभा निर्वाचन क्षेत्र नं १ अन्तर्गत धार्ने ज्योति माध्यमिक विद्यालयमा एक मतदानस्थल थप भएको हो । उक्त केन्द्रमा तीन सय ३२ पुरुष र दुई सय ५९ महिला गरी पाँच सय ९१ मतदाता रहेका छन् ।

कार्यालयका अनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ मा कुल मतदाता एक लाख ५२ हजार छ सय ९९ रहेका छन् । यसमध्ये ७८ हजार आठ सय १६ पुरुष र ७३ हजार आठ सय ८२ महिला तथा अन्य एक मतदाता छन् । यहाँ एक सय ९५ मतदान केन्द्रबाट मतदान हुनेछ ।

सोही क्षेत्रको प्रदेशसभा (क)मा ४० हजार एक सय एक पुरुष तथा ३६ हजार चार सय ५२ महिला गरी ७६ हजार पाँच सय ५३ मतदाता छन् । यसमा ९४ मतदान केन्द्र छन् ।

प्रदेशसभा (ख)मा भने ३८ हजार सात सय १५ पुरुष र ३७ हजार चार सय ३० महिला गरी ७६ हजार एक सय ४६ मतदाता छन् । यहाँ ९५ मतदान केन्द्र छन् ।

यस्तै प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ मा ७९ हजार एक सय ७४ पुरुष र ७८ हजार दुई सय ६७ महिला गरी एक लाख ५७ हजार चार सय ४२ मतदाता छन् । उक्त क्षेत्रमा दुई सय मतदान केन्द्र छन् ।

प्रतिनिधिसभा क्षेत्र नं २ को प्रदेशसभा (क)मा ३९ हजार दुई सय ५८ पुरुष, ३७ हजार आठ सय ५० महिला तथा अन्य एक गरी ७७ हजार एक सय नौ मतदाता छन् । प्रदेशसभा (ख)मा भने ३९ हजार नौ सय १६ पुरुष तथा ४० हजार चार सय १७ महिला गरी ८० हजार तीन सय ३३ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । *रासस*

# 'नेता असल भए तीव्र विकासले गति लिन्छ'

**■ प्रभाव संवाददाता**

**सिमरा–** सहरी विकासमन्त्री मेटमणि चौधरीले नेता असल भएमा विकासका काम तीव्र हुने बताएका छन् ।

बाराको गढिमाई पार्क, गढिमाई चोकदेखि रसौला, बस्डिल्वा, इनर्वासिया बजार, सानो माटियरिया चिनी मिल हुँदै मानवत मटिअर्वा हुलाकी राजमार्ग जोड्ने सडक खण्ड, टेलिकम चोक-विकासशिल चोक-रंगशाला चोक-एयर्ट पोर्ट दक्षिण सिमानासम्म जोड्ने सडक निर्माण लगायत ५० करोडका आयोजनाहरूको सहरी मन्त्री चौधरीले शुक्रबार सिलान्यास गरेका छन् ।

सिलान्यासपछि आयोजित कार्यक्रममा बोल्दै मन्त्री चौधरीले बारा पछि पर्नुको कारण यहाँ असल नेता नभएको धारणा राखेका छन् ।

'जुन ठाउँका नेता असल, इमानदार र विकासप्रेमी हुन्छन् त्यहाँ तीव्र गतिमा विकास पुग्छ । तर जहाँ जनताको काममा ध्यान दिने भन्दा पनि गफ ठुला गर्ने नेता हुन्छन्, जहाँ जनतालाई हेप्ने, थर्काउने नेता हुन्छन्, त्यहाँ विकास हुँदैन ।'

चुनाव जितेपछि नेता पार्टी भन्दा माथि उठेर विकासका काममा लाग्नुपर्ने बताएका सहरी मन्त्री चौधरीले किसान श्रेष्ठ बारामा विकास गर्न र यो ठाउँलाई माथि उठाउन यहाँ आएको बताए ।

कार्यक्रममा बोल्दै पूर्वमन्त्री समेत रहेका किसान श्रेष्ठले अब बारामा विकास र सम्बृद्धिको मुल फुट्ने दाबी गरे । बाराको




विकासमा उनले जनताले चाहे जति बजेटको व्यवस्था गर्ने प्रतिवद्धता समेत व्यक्त गरे । शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक दिपिल शेखर श्रेष्ठले स्थानीय तह आत्मनिर्भर हुन जरुरी रहेको बताउँदै सिलान्यास भएका आयोजनाहरू समयमै सकिने बताए ।

सघन सहरी तथा भवन निर्माण बाराका आयोजना प्रमुख झपट बहादुर थापाले सिलान्यास गरिएका जम्मै आयोजनाहरूले जनताको जीवनमा ठुलो परिवर्तन आसा व्यक्त गरे । कार्यक्रममा प्रदेश सभा सदस्य शोभा लामा, सुन्दर विक, एकबाल मियाँ, सीता गुरुङ, जितपुर सिमरा उपमहानगरपालिकाका मेयर राजन पौडेल, उपप्रमुख भोला प्रसाद अधिकारी लगायत विभिन्न दलका प्रतिनिधिहरूले आआफ्ना मन्तव्य राखेका थिए ।

# स्थानीय तहका उम्मेदवारलाई तीन अर्ब ७५ करोड जरिवाना

**हेटौँडा–** गत वैशाख ३० मा सम्पन्न स्थानीय तह सदस्य निर्वाचन-२०७९ मा बागमती प्रदेशका स्थानीय तहहरूमा उम्मेदवारी दिएर खर्च विवरण नबुझाएकालाई निर्वाचन आयोगले तीन अर्ब ७५ करोड ८१ लाख जरिवाना तोकेको छ ।

बागमती प्रदेशका १३ जिल्लाको एक सय १९ वटा पालिकामा उम्मेदवारी दिएका उम्मेदवारमध्ये आयोगले माग गरेको खर्च विवरण फारम नबुझाएका उम्मेदवारलाई आयोगले जरिवाना तोकेको हो । आयोगले खर्च विवरण नबुझाएका उम्मेदवारलाई स्पष्टीकरण सोधेर चित्त नबुझेपछि उक्त पालिकामा खर्च गर्न पाउने रकम बराबरको जरिवाना तोकेको आयोगका उपन्यायाधिवक्ता गुरूप्रसाद वाग्लेले जानकारी दिए । उक्त जरिवाना रकम सूचना जारी गरेको मितिले छ महिनाभित्र बुझाइसक्नुपर्ने प्रावधान रहेको उनले जनाए ।

जरिवाना रकम भुक्तानी नगरेको खण्डमा विजयी उम्मेदवारको पद स्वतः खारेज हुने उपन्यायाधिवक्ता वाग्लेले बताए । यसैगरी जरिवाना भुक्तानी नगरेका उम्मेदवारको लागि आयोगले छ वर्षसम्म निर्वाचनमा भाग लिन नदिने कानूनी प्रावधान रहेको उनको भनाइ छ । त्यसैगरी जरिवाना नबुझाएका उम्मेदवारको नाम आसन्न संघ र प्रदेशको निर्वाचनका लागि दलहरूबाट प्राप्त बन्दसूचीमा समावेश भएमा जरिवाना भुक्तानीपश्चात् मात्र समावेश हुने उनले बताए ।

प्रदेशमा रहेको तीन वटा महानगरपालिकाका एक सय १८ प्रमुख उपप्रमुखले जरिवाना तिर्नुपर्ने देखिएको आयोगले जनाएको छ । जनही सात लाख ५० हजारका दरले आठ करोड ८५ लाख रकम भुक्तानी गर्नुपर्ने देखिएको बताइएको छ । त्यसैगरी वडातर्फ एक हजार चार सय ६८ रहेको र जनही तीन लाखको दरले ४४ करोड चार लाख रकम जरिवाना असुली गर्नुपर्ने आयोगले बताएको छ । प्रदेशमा रहेको एक मात्र उपमहानगरपालिका हेटौँडाका १२ प्रमुख र उपप्रमुखका उम्मेदवारले खर्च विवरण नबुझाएको र जवाफ पनि चित्तबुभ्दो नदिएको भन्दै आयोगले जनही पाँच लाख ५० हजार जरिवाना तोकेको छ । त्यसैगरी उपमहानगरको वडाबाट उम्मेदवार रहेका दुई सय ७१ ले जनही दुई लाख ५० हजारको दरले छ करोड ७७ लाख ५० हजार रकम जरिवाना तिर्नुपर्ने आयोगले जनाएको छ ।

त्यसैगरी प्रदेशका नगरपालिकाबाट चार सय ६७ प्रमुख उपप्रमुखका उम्मेदवारले खर्च विवरण पेश नगरेकाले २१ करोड एक लाख ५० हजार जरिवाना भुक्तानी गर्नुपर्ने आयोगले उल्लेख गरेको छ । त्यस्तै नगरका वडाबाट सात हजार पाँचले जनही दुई लाखका दरले जरिवाना तिर्दा एक अर्ब ४८ करोड १० लाख रकम भुक्तानी उठ्ने आयोगले जनाएको छ ।

गाउँपालिकातर्फ छ सय ४८ प्रमुख र उपप्रमुख पदका उम्मेदवारले खर्च विवरण नबुझाएको आयोगले जनाएको छ । उक्त जरिवानाबाट जनही तीन लाख ५० हजारका दरले २२ करोड ६८ लाख रकम हुन आउने बताइएको छ । त्यसैगरी वडातर्फ आठ हजार दुई सय ४६ ले एक लाख ५० हजारको दरले जरिवाना तिर्नुपर्ने आयोगको भनाइ छ । जसको भुक्तानी रकम एक अर्ब २३ करोड ६९ लाख हुन आउँछ ।

सबैभन्दा धेरै रकम नगर र गाउँपालिकाका वडाका उम्मेदवारबाट असुल गर्नुपर्ने देखिन्छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ को उपदफा (१) र स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ (४) अनुसार उम्मेदवारले निर्वाचनको अन्तिम नतिजा सार्वजनिक भएको मितिले ३० दिनभित्र निर्वाचन खर्च विवरण पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको उपन्यायाधिवक्ता वाग्लेले जनाए ।

यद्यपि उम्मेदवारले चुनावमा भएको खर्च विवरण नबुझाउने र चित्तबुभ्दो स्पष्टीकरण पेश नगर्ने उम्मेदवारलाई आयोगले जरिवाना तिर्न सूचना प्रकाशन गरेको उनको भनाइ छ । बाग्मती प्रदेशमा तीन महानगरपालिका, एक उपमहानगरपालिका, ७४ वटा गाउँपालिका र एक हजार एक सय २१ वडा रहेका छन् । प्रदेशमा २७ लाख ५९ हजार सात सय ३३ मतदाता रहेका छन् भने १८ हजार छ सय ३५ उम्मेदवारले स्थानीय निर्वाचन, २०७९ मा खर्च विवरण पेश नगरेकाले जरिवाना तिर्नुपर्ने आयोगले जनाएको छ । *रासस*

# चार युवतीको उद्धार

**■ रवीन्द्र यादव**

**नवलपरासी पश्चिम–** बेचबिखनको लागि भारततर्फ लैजादै गरेको आशंकामा सशस्त्र प्रहरी बल नवलपरासी पश्चिमले चार युवती र चार पुरुषलाई पक्राउ गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल (बि ओ पी) भुजहवा र भारतीय सुरक्षा सिमा बल (एसएसबी) को समन्वय र सहयोगमा चारै जना महिलाहरूसंग आवश्यक सोधपुछ गर्दा बेचबिखनको आशंकामा उक्त नेपाली युवतीहरूलाई उद्धार गरिएको सशस्त्र प्रहरीले जनाएको हो ।

उनहिरूको साथमा रहेका चार नेपाली पुरुषहरूलाई पनि नियन्त्रणमा लिई थप अनुसन्धानका लागि माइती नेपाल र ईलाका प्रहरी कार्यालय महेशपुर टोलीलाई जिम्मा लगाइएको सशस्त्र प्रहरी बल नेपाल २६ नं गणका सुचना अधिकारी केशवराज थापाले बताए । उद्धार गरिएकी युवतीलाई सशस्त्र प्रहरीले माइती नेपालको संरक्षणमा राखेको छ । चारै जना नेपाली युवतीलाई दिल्ली हुँदै कुवेत पठाउने गरिएको सशस्त्र प्रहरी स्रोतले बताएको छ ।


**मुल्य सूची**

Akash International द्वारा विकी वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरुको अधिकतम खुद्रा मुल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंम्बर | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा विकी मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Akash International | 600413549 | LED Television | AWAI | LED TV 32" Frameless | 32" | 14,000/- | |

**AKASH INTERNATIONAL** | Kuleshwor, Kathmandu, Nepal. Ph: 4302480

# प्रभाव दैनिक

आइतबार, ९ असोज २०७९ (Sunday, September 25, 2022)





## 'म्यानहन्ट इन्टरनेसनल'का लागि फिलिपिन्स उडे विकल्प

'म्यानहन्ट नेपाल २०२२' विकल्पराज श्रेष्ठ फिलिपिन्स उडेका छन् । फिलिपिन्सको मनिलामा आयोजना हुने अन्तर्राष्ट्रिय प्रतियोगीता 'म्यानहन्ट इन्टरनेसनल २०२२' मा नेपालको प्रतिनिधित्व गर्न उनी शुक्रबार मध्याह्न त्यसतर्फ उडेका हुन् । श्रेष्ठलाई प्रतियोगीतामा ग्रुपअफ इभेन्ट इन्टरटेनसले पठाएको हो । इन्टरटेनसले श्रेष्ठलाई 'म्यानहन्ट नेपाल २०२२' को ताजसहित आधिकारिकता प्रदान गर्दै त्यसतर्फ पठाएको हो ।



# डा. थुलुङका दुई कृति एकैसाथ सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं –** डा. चमा थुलुङका दुई कृति एकैसाथ लोकार्पण गरिएको छ । युम्पी (गीति खण्डकाव्य) र नाची नाची बेसारा (बाल कविता संग्रह) शनिबार एक समारोहबीच लोकार्पण गरिएको हो ।

राजकुमार राईको सभापतित्वमा सम्पन्न लोकार्पण समारोहमा प्रा.डा.गोपिन्द्र पौडेल प्रमुख आतिथि तथा प्रा.डा विष्णु राई विशेष आतिथि रहेका थिए । कार्यक्रममा गीति खण्डकाव्य युम्पीमाथि प्रा.डा. नारायणप्रसाद गड्तौला र बाल कवितासंग्रह नाची नाची बेसारामाथि डा. यादेवी ढकाललगायतले समीक्षा गरेका थिए ।

कार्यक्रममा दुवै कृतिका प्रकाशक तथा प्रायोजक सोनु स्वर्निम राई, सौदामिनी सुर्मा राई, डि.अनुरागी (धनध्वज राई), प्रा.डा. नारायणप्रसाद गड्तौला, डा. यादेवी ढकाल, उपप्रा. डा. चन्द्रमान श्रेष्ठ, उपप्रा. सुमन राई, बम किरात, खम्ब राई, मकर राई, विक्रमबहादुर राई, अञ्जना राई, सजर्क डा.चमा थुलुङ, सोयना दाहाल, सोमनाथ दाहाल, निर्वाचन राई, केशव राई, लालकुमार राई, डेण्डी शेर्पा, सुशीला ढकाल, नवीन्द्र राई, जसीहब राई, निरमला राई, मञ्जु बस्नेत, डिल्ली राई, सि राईलगायत उपस्थित रहेका थिए ।

कार्यक्रमको आयोजक तीनधारे सरोकार समाजले गरेको थियो । कोटेश्वरस्थित किरात राई यायोक्खाको केन्द्रीय कार्यालयको सुम्निमा हलमा आयोजित उक्त कार्यक्रममा साहित्यकार, लेखक, पत्रकारलगायतको सहभागिता थियो । कार्यक्रम डा. पुरण राईले सञ्चालन गरेका थिए ।

# विनाको साहित्यिक कृति जीवनका अनुभूतिहरू

■ प्रभाव संवाददाता



**काठमाडौं–** ३२ वर्ष कृषि विकास बैंकमा सेवा गरेकी विना पोखरेलद्वारा लिखित पहिलो कृति 'जीवनका अनुभूतिहरू' को दोस्रो संस्करण लोकार्पण भएको छ । शुक्रबार काठमाडौंको मीनभवनस्थित थाहा पुस्तकालयमा आयोजित एक कार्यक्रममा बीच कलाकार मदनकृष्ण श्रेष्ठ, राजनीतिक विश्लेषक डा. सुरेन्द्र केसी, नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष चण्डीराज ढकाल, अभिनेत्री दीपिका प्रसाईंलगायतले संयुक्त रूपमा कृतिको लोकार्पण गरेका थिए ।

आफ्नो कृतिको दोस्रो संस्करण बजारमा ल्याउन पाएकोमा लेखिका पोखरेलले खुसी व्यक्त गरिन् । उनले पुस्तकमा जागिरे जीवनमा भोगेका कठिनाइ, परिवारिक विचलन, क्यान्सरसँगको लडाइँलगायतका कुरालाई उतारेकी छिन् । यो पुस्तकले महिलाहरूलाई आत्मविश्वास, अडिग र निडर हुन प्रेरित गर्ने उनको विश्वास छ । पुस्तकमा घरभित्रको कुरालाई पनि जस्ताको त्यस्तै लेखेकाले धेरैले आफूलाई हतोत्साही बनाउने कामसमेत गरेको उनको भनाइ छ ।

कलाकार मदनकृष्ण श्रेष्ठले विना पोखरेलको पुस्तकले महिलाहरूलाई आत्मविश्वासी बनाउने धारणा राखे । श्रेष्ठले भने, 'मानिसले आत्मवृतान्तमा जीवनका सबै कुरा खोल्नुपर्छ भन्ने लाग्छ । विना पोखरेलले कुनै पनि कुरा नलुकाई किताबमा लेख्नुभएको छ । म उहाँको त्यो हिम्मतको सरहना र सम्मान गर्छु । यो किताबले समाजमा सकारात्मक सन्देश छर्नेमा विश्वस्त छु ।' दुई सय पृष्ठको 'जीवनका अनुभूतिहरू' कृतिको पहिलो संस्करणलाई बराहारोहा इन्भेस्टमेन्ट ग्रूपले प्रकाशन गरेको थियो भने दोस्रो संस्करणको प्रकाशक साहित्यिक पत्रकार संघ हो । लेखिका विना आफ्नो कृतिको तेस्रो संस्करण पनि चाँडै प्रकाशित हुनेमा विश्वस्त छिन् । कृषि विकास बैंकमा सामान्यस्तरको कर्मचारीबाट सेवा सुरु गरेकी पोखरेल सेवा निवृत्त हुँदा दशौं तहको विभागीय अधिकृत थिइन् ।

२८ फागुन २०१० मा न्युरोड, काठमाडौंमा जन्मिएकी पोखरेलले त्रिभुवन विश्वविद्यालयबाट एमए गरेकी गरेकी छन् । उनी सनातम धर्म समितिअन्तर्गत मातृशक्तिको पूर्वअध्यक्ष, बराहारोहा इन्भेस्टमेन्ट ग्रूपको सञ्चालकलगायत विभिन्न संस्थाहरूसँग पनि आबद्ध छिन् । उनी पछिल्लो समय सन्तानसँग अमेरिकामा बस्दै आएकी छन् ।

# मफलर लिएर आए प्रदीप रोदन

■ प्रभाव संवाददाता

**काठमाडौं–** गजलकार प्रदीप रोदनको पहिलो गजलकृति 'मफलर' लोकार्पण गरिएको छ । काठमाडौंको प्रज्ञा-प्रतिष्ठान डबलीमा शनिबार आयोजित विशेष कार्यक्रममा साहित्यकार अमर न्यौपाने र लेखक रोदनले पुस्तक सार्वजनिक गरे । उक्त अवसरमा लेखक रोदनले गजलवाचनसमेत गरेका थिए ।

कार्यक्रममा साहित्यकार न्यौपानेले रोदनको यो कृति गजलको रदिफ र काफिया मिलाइएको गजलसङ्ग्रह मात्र नभएर, मन्त्रहरूको सङ्ग्रह रहेको बताए । 'जीवनलाई मथेर निकालिएको नौनी हो मफलर,' उनले भने, 'खारिएका पवित्र वाक्य यस सङ्ग्रहमा छन् । धेरै पुस्तक बोरामा थन्काउनुपर्ने हुन्छ । केही पुस्तक बुककेसमा सजाएर राखिन्छ । केही पुस्तक आफूले पढ्ने टेबलमा राखिन्छ । केही किताब यस्ता पनि हुन्छन्, जो सिरानीमुनि राखिन्छ । यो त्यसैगरी सिरानीमुनि राख्ने कृति हो ।'

'मफलरमा जीवन र हृदयको यस्तो ध्वनि छ, जहाँ अध्यात्म, व्यवहार र दर्शन मिसिएको छ,' साहित्यकार न्यौपानेले थपे ।

कार्यक्रममा लेखक रोदनले गजल लेख्दा आफूले कैयौं पटक आफ्नै हृदय छामेको र सेरहरूको धड्कन महसुस गरेको बताए । 'केही नबन्दा अरु केही बन्दो रहेछ । यसरी सेरहरूको माया क्षेत्र हृदयको गहिराइसम्म पुग्यो र गजल बने । जहाँ गजल बनेनन्, त्यहाँ फर्दहरू बने,' उनले भने ।

मझेरी लिपे पनि, नलिपे पनि बिहान हुन्छ । गजल लेखे पनि, नलेखे पनि जीवन चल्छ । मझेरी लिपेपछि घर सुन्दर भए जस्तै गजलले आफ्नो जीवन बाँच्ने तरिकामा सौन्दर्य थपिदिएको उनको भनाइ छ । 'थाहा छैन, यी गजलले तपाईंको जीवनमा सौन्दर्य थप्छन् या थप्दैनन् । यी गजल मैले सृष्टि गरेका बचेराहरू हुन् । आजसम्म आफ्नै पखेटामुनिको न्यानोमा हुर्काएँ । अब यी गजलका आफ्नै पखेटा पलाए होलान् भनेर तपाईंहरूकै संसारमा उडान भर्न पठाएको छु ।'

यी सम्पूर्ण गजल आफूले गोरखाको पाण्डेबेसीको माटोमा बसेर लेखेको उनले जनाए । 'म जति साहित्यलाई प्रेम गर्छु, त्यति नै अध्यात्मलाई । मैले लगाइरहेको संन्यास मालामा १०८ दाना छन्, जो मेरो हृदयलाई छोएर गलामा बसिरहन्छ । त्यसैले यस पुस्तकमा १०८ गजल र १०८ फर्द समावेश गरेको छु,' लेखक रोदनले भने । गोरखा पालुङटार पाण्डेबेसी जन्मथलो भएका प्रदीप रोदनको कर्मथलो पनि यहीँ हो । उनी आफ्नै गाउँको सरकारी विद्यालयमा शिक्षक छन् । देशविदेशका विभिन्न कार्यक्रम र सामाजिक सञ्जालमा आफ्ना गजल प्रस्तुत गरेर धेरैको मन जितेका रोदनको पहिलो गजलकृति हो, 'मफलर' । उनले ०७३ सालमा 'लोकप्रिय गजलकार अवार्ड', ०७५ सालमा ' उत्कृष्ट युवा प्रतिभा पुरस्कार' र ०७९ सालमा 'साताको साहित्य पुरस्कार' पाएका छन् ।

## रंगशाला

# अमेरिकाको ओहायोमा नेपाली भाषीको फुटबल उत्सव सुरु




■ प्रभाव संवाददाता

**काठमाडौं–** अमेरिकावासी नेपाली भाषी समुदायका लागि फुटबल खेलको महोत्सव अमेरिकाको ओहायो राज्यस्थित सिनसिनाटी सहरमा शुक्रबारदेखि सुरु भएको छ ।

'इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसनले' आयोजना गरेको सो प्रतियोगिताको उद्घाटन शुक्रबार राति फाउण्डेसनका अध्यक्ष डिल्ली अधिकारीले एक समारोहबीच गरे । प्रतियोगितामा भाग लिन अमेरिकामा बसोबास गर्ने नेपाली भाषी हुनुपर्ने प्रावधान राखिएको छ ।

तीन दिनसम्म जारी रहने सो उत्सवमा अमेरिकाका विभिन्न राज्यबाट ३८ वटा फुटबल टिमको सहभागिता रहेको छ । युवा, महिला र ३५ वर्षमाथि उमेर समूहका भेट्रानका भिन्नभिन्न टिमबीच प्रतिस्पर्धामा हुने बताइएको छ ।

उक्त खेलको विजेतका लागि १५ हजार अमेरिकी डलर (१९ लाख ४० हजार नेपाली रूपैयाँ) पुरस्कार राखिएको छ । उद्धाटनलगत्तै युनिक ब्वाइज फुटबल क्लब र पथरी इ वान फुटबल क्लबबीच प्रतिस्पर्धा भएको थियो ।

त्यसैगरी कोलम्बस स्टार फुटबल क्लब र रिबोलुसन फुटबल क्लब तथा रोयल फुटबल क्लब र सिन्सी कुल क्याट फुटबल क्लबका बीच प्रतिस्पर्धा हुने कार्यक्रम रहेको छ ।

तीन वटा फुटबल मैदानमा एकै समयमा आइएन क्रिष्ट युनाइटेड भर्सेस एरो फुटबल क्लब, मिचिगन फुटबल क्लब भर्सेस ब्लाकलिक युनाइटेड, साङ्ग्रिला युथ फुटबल क्लब भर्सेस नर्थ डकोटा युनाइटेड फुटबल क्लबका बीच प्रतिस्पर्धा हुने कार्यक्रम रहेको छ ।

त्यसैगरी रोही कोलम्बस फुटबल क्लब भर्सेस एफसी युनाइट, इन्ट्रा फुटबल क्लब भर्सेस बेलडागी युथ फुटबल क्लब, एफसी नाइट भिजन भर्सेस बिवाइएससी, चुके फुटबल क्लब भर्सेस युनाइटेड ओन्टारियो फुटबल क्लब, टिमाइ स्क्वाड भर्सेस एफसी ओरेञ्ज, भरमण्ट एघार भर्सेस पीस जोन स्पोर्टिङ अफ बिसिएएका बीच रोचक प्रतिस्पर्धा हुँदैछ ।

उद्घाटनकै दिन सम्पन्न भेट्रानतर्फको खेलमा ह्यारिसवर्ग भेट्रान्स भर्सेस एक्रन भेट्रान्स, सिन्सी इन्ट्रा भेट्रान्स भर्सेस मिनिसोटा भेट्रान्स, सिन्सी येल भेट्रान्स भर्सेस कोलम्बस इन्ट्रा भेट्रान्स, रिभाइभल भेट्रान्स भर्सेस् हिलसिटी भेट्रान्सका बीच पनि प्रतिस्पर्धा हुनेछ ।

युवाका २६ वटा टिम सहभागी रहेकाले यो समूहको खेल नकआउट विधिबाट गरिएको खेल आयोजक समितिका संयोजक राजन चुहानले बताए । भेट्रान्सतर्फ आठ वटा टिम र महिलातर्फ चार वटा टिम सहभागी छन् । महिला टिमबीच हुने प्रतिस्पर्धा भने अमेरिकी पूर्वीय समयानुसार शनिबार सुरु हुने आयोजना संयोजक चुहानले जानकारी दिए ।

खेल सुरु हुनुअघि बिहीबार साँझ सिनसिनाटीको होटल मेरियटमा खेल टिमका म्यानेजर, क्याप्टेन र कोचलाई आयोजक संस्था इन्ट्रा फाउण्डेसनले स्वागत समारोहको आयोजना गरेको थियो । फाउण्डेसनका प्रवक्ता केशव आचार्य र सचिव गोपाल धितालले सहभागीको स्वागत गरेका थिए भने गायक तथा सङ्गीतकार केशव पौडेलले तयार गरेको इन्ट्राको खेल गीत पनि पहिलोपल्ट सार्वजनिक गरिएको थियो ।

विभिन्न चरणमा खेल भई फाइनलमा पुग्न सफल टिमका बीच सेप्टेम्बर २५ मा अन्तिम प्रतिस्पर्धा हुने कार्यक्रम तय भएको छ ।

## छैटौं सुशील केडिया स्मृति फुटबल

# पुलिसलाई हराउँदै लिटिल एन्जल्स च्याम्पियन

■ प्रभाव संवाददाता



**काठमाडौं–** छैटौं सुशील केडीया स्मृति अन्तरविद्यालय फुटसल प्रतियोगिताको उपाधि ललितपुरको लिटिल एन्जल्स स्कुलले जितेको छ ।

जावलाखेल स्थित डीएभी स्कुलमा सम्पन्न फाइनलमा लिटिल एन्जल्सले नेपाल पुलिस स्कुललाई ३-१ गोल अन्तरले पराजित गर्‍यो । सुरुवाती गोल पुलिस स्कुलले गरेता पनि खेलमा उत्कृष्ट पुनरागमन गर्दै लिटिल एन्जल्सले लगातार दोस्रो पटक उपाधि जित्न सफल रह्यो ।

लिटिल एन्जल्सको लागि भार्गभ सिलवाल, सुवर्ण बस्नेत र लक्ष्य महर्जनले गोल गरे। पुलिस स्कुलका राम थापाले एक गोल गरे । शुक्रबारनै सम्पन्न सेमीफाइनलमा पुलिसले गान्धी आदर्श स्कुललाई २-१ ले तथा लिटिल एन्जल्सले ग्रिनफिल्ड स्कुललाई ३-१ ले पराजित गर्दै फाइनल पुगेको थियो। तेस्रो स्थानको लागि भएको खेलमा ग्रिनफिल्डले गान्धी आदर्शलाई ३-१ ले पराजित गर्‍यो ।

प्रतियोगिताको सर्वाधिक गोलकर्ता नेपाल पुलिस स्कुलका लक्ष्मण थानी भए भने उत्कृष्ट गोलकिपरको अवार्ड ग्रिनफिल्डका आदित्य थापाले जिते । प्रतियोगिताको उदयमान खेलाडी लिटिल एन्जल्सका भार्गभ सिलवाल घोषित भए । गान्धी आदर्श इन्टरनेसनल स्कुलले फेयरप्ले अवार्ड प्राप्त गर्‍यो । विजेता खेलाडीहरूलाई राष्ट्रिय फुटबलर गौतम श्रेष्ठले पुरस्कृत गरे भने सोही अवसरमा श्रेष्ठलाई सम्मानित समेत गरिएको थियो ।

तिन दिन चलेको प्रतियोगितामा उपत्यकाका १६ स्कुलका टिम सहभागी थिए । यसअघि आयोजित इन्डोर क्रिकेटको उपाधि आयोजक डीएभी स्कुलले जितेको थियो ।

# पोखरामा तेक्वान्दो प्रशिक्षण भवन सिलान्यास

**कास्की (प्रस)–** एक दशक अघिदेखिको निरन्तरको प्रयासपछि पोखरामा तेक्वान्दो खेलको सुविधासम्पन्न प्रशिक्षण भवन निर्माण हुने भएको छ । पोखरा रङ्गशलााभित्र बन्ने भवनको आज राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङले सिलान्यास गर्नुभयो । भवन सिलान्याससँगै एक दशकअघिको निर्माणको सपना पूरा हुन लागेको हो ।

प्रशिक्षण भवन निर्माणका लागि तेक्वान्दोसँग सम्बन्धित खेल पदाधिकारी, खेलाडी तथा प्रशिक्षकले लामो समयदेखि प्रयास गर्दै आएको र अहिले सो मेहेनतले सार्थकता प्राप्त गर्न लागेको कास्की जिल्ला तेक्वान्दो सङ्घका संस्थापक अध्यक्ष एवं गण्डकी प्रदेश तेक्वान्दोका अध्यक्ष जगनबहादुर गुरुङले बताए ।

उनका अनुसार विसं २०६७ देखि भवन निर्माणका लागि सङ्घका पदाधिकारी, खेलाडी तथा प्रशिक्षकले मासिक रु पाँच सय सहयोग सङ्कलन अभियान सुरु गरेका हुन् । सहयोग अभियानबाट हालसम्म रु ५५ लाख जम्मा भएको गुरुङले बताए । भवन निर्माण समितिका संयोजकसमेत रहनुभएका अध्यक्ष गुरुङले भने, 'भवन निर्माणका लागि हामीले १० वर्षअघिदेखि अभियान सुरु गरेका हौँ । स्वदेशमा मात्र नभएर बेलायत, हङकङलगायत नेपालीहरूबाट समेत सहयोग प्राप्त भएको छ । लामो प्रयासपछि यसलाई सिलान्याससम्म आइपुग्दा अत्यन्त खुःशी छौँ ।'

भवनको रु दुई करोड खर्च लाग्ने लागत अनुमान छ । तेक्वान्दो सङ्घले थप रु ५० लाख जति सहयोग जुटाउने योजनामा छ । भवनका लागि अपुग हुने रकमका लागि राखेपसँग सहयोग मागिएको गुरुङले बताए ।

सिलान्यास कार्यक्रममा सदस्यसचिव घिसिङले भवनलाई पूर्णता दिन राखेपबाट सहयोग उपलब्ध गराइने विश्वास दिलाए ।

# पाकिस्तानी प्रधानमन्त्रीले गरे भारतसँग शान्तिको आह्वान



**अमेरिका (न्युयोर्क)–** पाकिस्तानी प्रधानमन्त्री सेहबाज सरिफले संयुक्त राष्ट्रसंघ महासभामा कश्मीर मुद्दा उठाउँदै भारतसँग आफ्नो देशले शान्ति स्थापनाको र शान्तिपूर्ण व्यवहारको अपेक्षा गरेका छन् ।

'हामी भारतलगायत हाम्रा सबै छिमेकीसँग शान्ति खोज्छौं, दक्षिण एसियामा दिगो शान्ति, स्थिरता चाहेका छौं । तथापि, यो कार्य भने जम्मु, कश्मीर विवादको न्यायपूर्ण र दिगो समाधानमा निर्भर रहन्छ,' उनले भने ।

भारत कश्मीरका सम्बन्धमा पुरानो केन्द्र शासित क्षेत्र भारतको अभिन्न अंग हो भन्ने आफ्नो लामो समयदेखि अडानमा अडिग रहेको छ ।

'भारतले रचनात्मक संलग्नताका लागि सक्षम वातावरण सिर्जना गर्न विश्वसनीय कदम चाल्नैपर्छ । हामी छिमेकी हौं र हामी सधैंभरि त्यहाँ छौं, हामी शान्तिमा बस्ने कि एकअर्कासँग लडिरहने भन्ने छनोट हाम्रो हो,' पाकिस्तानका प्रधानमन्त्री शरिफले महासभामा भनेका छन्, 'सन् १९४७ यता हामीले तीनवटा युद्ध गरिसकेका छौं र त्यसको फलस्वरूप दुवै पक्षमा दुःख, गरिबी र बेरोजगारी मात्र बढेको छ । अब हाम्रा मतभेद, समस्या र तिनको शान्तिपूर्ण वार्ता र छलफलबाट समाधान गर्ने जिम्मा पनि हाम्रै हो ।' संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा आयोजित संयुक्त राष्ट्रसंघको ७७औं महासभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

प्रधानमन्त्री सरिफले देशमा भर्खरै आएको विनासकारी बाढी र त्यसले पारेको असरका बारेमा पनि सम्बोधन गरेका छन् । 'यो बाढीमा ४०० भन्दा बढी बालबालिकासहित १५ सयभन्दा बढी मानिसको मृत्यु भएको छ । बाढीका कारण थुप्रै कुपोषणको जोखिममा छन् ।'

पाकिस्तानमा बाढीका कारण एक करोड ८० लाख अमेरिकी डलर बराबरको नोक्सानी भएको छ भने प्रकोपबाट झण्डै ८० लाख मानिस विस्थापित भएका छन् । *रासस/एएनआई*

## दुर्घटना ...

पृष्ठ १ बाट जारी

गृह मन्त्रालयबाट प्राप्त जानकारीअनुसार यातायात व्यवस्था विभागबाट आज (असोज ९ गते)देखि मध्यम तथा लामो दूरीमा चल्ने सवारीसाधनको आधिकारिक बिक्रेता, ट्राफिक प्रहरी र यातायात व्यवसायीको समन्वयमा उपत्यकाका मुख्य-मुख्य स्थानमा यान्त्रिक परीक्षण गर्ने व्यवस्था मिलाइने भएको छ । सवारीसाधनको सहज सञ्चालनका लागि यातायात व्यवसायी महासंघका तर्फबाट प्रत्येक प्रदेश र जिल्लामा सम्पर्क व्यक्ति तोकेर फोन नम्बरसमेतको जानकारी नेपाल प्रहरीलाई उपलब्ध गराउने निर्णय पनि गरेको छ ।

बिमा नभएका सवारीसाधन दुर्घटना भएमा क्षतिपूर्ति दिन कठिनाइ हुने तथा मेकानिकल परीक्षण नभएका सवारीसाधनको बीच बाटोमा यान्त्रिक समस्याका कारण दुर्घटना हुने तथा यात्रु अलपत्र पर्न सक्ने सम्भावना भएकाले बिमा नभएका र मेकानिकल परीक्षण नभएका सवारीसाधनलाई रुट परमिट नदिइने भएको छ । त्यसका लागि यातायात व्यवस्था विभाग र सम्बन्धित प्रदेश कार्यालयले आवश्यक व्यवस्था मिलाउनेछ ।

मादकपदार्थ र लागुपदार्थ प्रयोगको आकस्मिक जाँचको व्यवस्था मिलाउने र लागुपदार्थ प्रयोग गरेको सम्बन्धमा लागुऔषध नियन्त्रण ब्युरोको मातहतका कार्यालयबाट टेस्ट किटको प्रयोग गरी जाँच गर्ने व्यवस्था मिलाइने जनाइएको छ । दुर्घटना न्यूनीकरणमा पूर्वसतर्कता अपनाउन प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला सुरक्षा समितिका पदाधिकारी, डिभिजन सडक कार्यालय, प्रदेश पूर्वाधार कार्यालय, यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवसायी महासंघको प्रतिनिधित्वमा समिति गठन गरी आवश्यक कार्य गरिनेछ ।

सडकमा भएका खाल्डाखुल्डी पुर्न र सडकको आवश्यकतानुसार अवस्था सुधार गर्न डिभिजन सडक कार्यालय, प्रदेश र स्थानीय तहसँगसमेत समन्वय बढाइनेछ । यातायात व्यवसायी महासंघको समन्वयमा विद्यमान रिफ्रेसमेन्ट सेन्टरलाई चालु हालतमा राख्ने व्यवस्था मिलाइने, दुर्घटना भई हवाई उद्धार गर्नुपर्ने भएमा यातायात व्यवसायी महासंघको समन्वयमा लागत व्यहोर्ने गरी हवाई साधन परिचालन गर्ने तथा जिल्लास्थित बजार अनुगमन समितिमार्फत राजमार्गमा रहेका होटल, रेस्टुरेण्टको खानाको परीक्षण गर्ने र गुणस्तर परीक्षण कमजोर भएकाले समयमा सुधार नगरे कानुनअनुसार कारबाही गर्ने निर्णय पनि भएको मन्त्रालयले जनाएको छ ।

बिग्रेका तथा तत्काल मर्मत गर्नुपर्ने सडक सञ्चालन गर्न सडक विभागले मातहतका निकाय र प्रदेश पूर्वाधार कार्यालयलाई अनुरोध गर्ने निर्णय पनि गरेको मन्त्रालयले जनाएको छ । यस्तै लामो दूरीमा चल्ने सवारीसाधनमा दुई चालकको व्यवस्था कार्यान्वयन गर्न नेपाल प्रहरीबाट अनुगमन गर्ने र सो भएको नपाइएमा तत्काल कारबाही गर्ने, बस व्यवसायीसमेतको समन्वयमा राजमार्गमा सवारीसाधनको अनुगमन, सवारी दुर्घटना भएमा तत्काल उद्धार गर्न मातहतका युनिटलाई परिचालन गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाललाई निर्देशन दिएको छ ।


# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सिम्ली, रुकुम (पश्चिम)
कर्णाली, प्रदेश, नेपाल

## सानीभेरी गाउँपालिका अन्तर्गत नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् तथा बिक्री सम्बन्धी बोलपत्र आव्हान गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९/०६/०९ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) एवं सानीभेरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७९/०५/०५ गतेको निर्णय बमोजिम आर्थिक वर्ष २०७९।०८० को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी सानीभेरी गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सोको लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीबाट निम्नलिखित शर्तहरूको अधिनमा रही आफ्नो फर्ममा नविकरण भएको प्रमाणपत्र, मूल्यअभिबृद्धि करदर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा नियमअनुसारको कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गरी रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन फिट) | न्युनतम अंक (VAT बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| 01/SRM/079/080 | चाइनाबगर देखि बाहुनीखेत खण्ड वडा न १ | ५,००,००० | १५,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |
| 02/SRM/079/080 | सिस्ने खोलादेखि स्यालेबगर खण्ड वडा नं.२ | ३,००,००० | ९,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |
| 03/SRM/079/080 | बेल्टापुदेखि प्रियतरा मैतुलोटे खण्ड वडा नं.३ | ५,००,००० | १५,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |
| 04/SRM/079/080 | नाय खोलादेखि रिम्ना दोभान खण्ड वडा नं.४ | ३,००,००० | ९,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |
| 05/SRM/079/080 | स्यालेबगरदेखि छोटेबगर वडा नं.७ | २,००,००० | ६,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |
| 06/SRM/079/080 | हासिबाङदेखि सिम्लीखोला खण्ड वडा नं.९ | ६००,००० | १८,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |

**बोलपत्र सम्बन्धी शर्तहरू**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको प्राविधिक शाखाबाट खरिद गर्न सकिनेछ र फाराम दस्तुर सनराइज बैंक सानीभेरी शाखाको आन्तरिक राजश्व खाता नम्बर ०७७०५३०७८७७०३००९ जम्मा गरेको बैंक सक्कल भौचर पेश गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरू १६ औं दिन दिनको १२:०० बजेभित्र बोलपत्र दर्ता र सोही दिन १:०० बजे यस कार्यालयमा बोलपत्र दाताको रोहबरमा खोलिनेछ । बोलपत्र दाताहरू उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र फारामहरू बोलपत्रदाता स्वयम् वा रितपूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।

३. बोलपत्र फारम खरिद गर्दा निवेदनसहित फर्म वा कम्पनीहरूले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि कर को प्रमाणपत्र तथा नियमानुसारको कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र बोलपत्र दस्तुरवापत नगद तिरेको रसिद वा बैंक जम्मा भौचर पेश गर्नुपर्नेछ ।

४. बोलपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसँग लेखी कम्तीमा ५% प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको सानीभेरी शाखाको सनराइज बैंकमा रहेको खाता नम्बर ०७७०५३०७८७७०३००४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत पत्र शिलबन्दी बोलपत्रका साथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकम अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

५. यसपूर्व यस कार्यालयबाट कुनै पनि ठेक्का लिएर रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन । तर बोलपत्र पेश गर्नु भन्दा अगाबै फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन ।

६. बोलपत्र स्वीकृत भइसकेपछि बोलपत्र दाताले मान्यताप्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०८० श्रावण मसान्तसम्म म्याद भएको रितपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ ।

७. स्वीकृत ठेक्का अंकलाई दुई चरणमा विभाजन गरिएको छ । पहिलो किस्ता ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशतमध्ये पहिलो किस्ता ६० प्रतिशत सम्झौताको बखत नगद दाखिला गरी र बाँकी ४० प्रतिशतको हकमा जमानत बापत् नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक ग्यारेन्टी (Performance Bond) पेश गर्नुपर्नेछ ४० प्रतिशत रकमको किस्ता सम्झौता समयभित्र दाखिला गर्नुपर्ने छ ।

८. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनकालागि लोडर, डोजर, एक्साभेटर जेसिवि र ६ चक्के टायर भएका भन्दा हेवि इक्विप्मेन्ट प्रयोग गर्न मिल्ने छैन ।

९. ढुंगा गिट्टी बालुवा लगायत अन्य प्राकृतिक स्रोत साधनको उत्खनन तथा सङ्कलन कार्य बेलुका सूर्यास्तदेखि बिहान सूर्योदयसम्म गर्न पाइने छैन ।

१०. प्राकृतिक स्रोत साधनको उपयोग तथा बिक्रीवितरण सङ्कलन गर्ने प्रयोजनका लागि गाउँकार्यपालिका कार्यालयले आवश्यकता अनुसार डिपो निर्धारण गर्न सक्नेछ । साथै स्थानीय तहबाट निकासी गरी नदीजन्य पदार्थको निकासीकर सम्बन्धित डिपोमा बुझाउनुपर्नेछ ।

११. उत्खनन् गरिएको नदीजन्य पदार्थ खोलाको किनार वा सार्वजनिक स्थलमा घाटगद्धि गर्न पाइने छैन । त्यसका लागि बोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नुपर्नेछ ।

१२. कुनै पनि बन्द, हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दाबी गर्न पाइने छैन । नदिजन्य पदार्थ उत्खनन संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र दाताले व्यवस्थापन गर्नुर्नेछ ।

१३. माथि उल्लेखित शर्तहरू उल्लंघन गरेमा वा तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टी बाट असुलउपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइनेछ । साथै असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१४. सम्झौता समयमा एकमुष्ठ रकम जम्मा गर्ने फर्म/संस्था/व्यक्तिलाई ५ प्रतिशत दिइने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९२,८०० | प्रति तोला – ९२,३०० | प्रति तोला – १२०० |

## 'सीप, पुँजी र प्रविधि भित्र्याऔं'




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले युरोपमा रहेका गैरआवासीय नेपालीहरूलाई युरोपको समृद्धि, ज्ञान र प्रविधि नेपाल भित्र्याउन आग्रह गरेका छन् ।

स्वीडेनमा आयोजित गैरआवासीय नेपाली सङ्घ, एनआरएनको युरोप क्षेत्रीय १४ औं बैठकलाई सम्बोधन गर्दै उनले युरोपमा रहेका सबै नेपालीहरूलाई त्यहाँ आर्जन गरेको समृद्धि नेपाल भित्र्याउन तथा युरोपका उद्योगी व्यवसायीहरूलाई नेपालमा लगानीका लागि प्रेरित गर्न आग्रह गरेको एनआरएन युरोप समितिले जनाएको छ ।

सो बैठकलाई सम्बोधन गर्दै उनले भने, 'युरोप होस् या संसारका विभिन्न देशमा नेपालीहरू ज्ञान, सीप, पुँजी र प्रविधि आर्जनका लागि रहने गरेका छन्, आफ्ना यी आर्जनहरूलाई नेपाल भित्र्याउँ, हाम्रो देशको समृद्धि पनि धेरै टाढा छैन ।'

कतिपय एनआरएन एवं लगानीकर्ताहरूले नेपालमा लगानीको वातावरण छैन भन्ने गरेको प्रसङ्ग उल्लेख गर्दै उनले भने, 'नेपालमा लगानीको वातावरण नभएको होइन, निजी क्षेत्रको साझा संस्था नेपाल उद्योग वाणिज्य महासङ्घले पनि आवश्यकता अनुसार सहजीकरण गर्नेछ, नेपालका लगानीको यो उचित समय पनि हो, त्यसैले नेपालमा लगानीका लागि म सबै एनआरएका साथीहरूलाई आग्रह गर्दछु ।'

अहिले आफूले आर्जन गरेको पुँजी स्वदेशका लागि र हाम्रै सन्ततिका लागि नेपालमै लगानी गर्नुपर्ने उनको आग्रह थियो । आफूहरू एनआरएनसँगको संयुक्त लगानीमा काम गर्न इच्छुक रहेको बताउँदै वरिष्ठ उपाध्यक्ष ढकालले २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत आयोजना यस्तै संयुक्त लगानीबाट सफल भई विद्युत उत्पादन हुन थालिसकेको उदाहरण पनि पेस गरे ।

नेपालका विशेषगरी अहिले जलविद्युत, पर्यटन र पूर्वाधारका क्षेत्रमा लगानी गरेर प्रतिफल लिन सकिने बताउँदै उनले नेपालमा लगानीका यस्ता कैयौं सम्भावना रहेकाले यसबाट लाभ उठाउन विभिन्न उदाहरण पनि पेस गरे ।

## आर्थिक समृद्धिका लागि पूर्वाधार क्षेत्रको भूमिका महत्त्वपूर्ण

■ प्रभाव संवाददाता




**काठमाडौं–** मुलुकको आर्थिक समृद्धिका लागि पूर्वाधार क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको बताइएको छ । नेपाल निर्माण व्यवसायी महासङ्घले नेपाल प्रेस काउन्सिलसँगको सहकार्यमा शुक्रबार आयोजना गरेको 'पूर्वाधार विटका सञ्चारकर्मीलाई अभिमुखीकरण कार्यक्रम'मा अधिकांश वक्ताहरूले पूर्वाधार क्षेत्र मुलुकको आर्थिक क्षेत्रको मेरुदण्ड भएको बताएका हुन् ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य बहादुरसिंह लामाले सरकारले निर्माण क्षेत्रका लागि समयमा रकम भुक्तानी नगर्दा व्यवसायी मारमा परेको बताए । 'ठेक्का पार्नका लागि कम रकम राखेर टेण्डर हालिन्छ, त्यही रकम पनि समयमा पाइँदैन, त्यसकारण व्यवसायी मर्कामा परेका हुन्', उनले भने ।

नेपाल प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले मुलुकको आर्थिक समृद्धिको महत्त्वपूर्ण क्षेत्र निर्माण व्यवसाय भएकाले यसलाई अगाडि बढाउन पत्रकार जिम्मेवार बन्नुपर्ने बताए । 'पूर्वाधार विटमा कलम चलाउने सञ्चारकर्मीलाई मर्यादित र व्यवस्थित बनाउन कार्यक्रमले सहयोग पुग्ने विश्वास प्रेस काउन्सिलले लिएको छ', उनले भने ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले राष्ट्र निर्माणमा पूर्वाधार क्षेत्रको ठूलो भूमिका रहेको र यस क्षेत्रमा कलम चलाउँदा पत्रकार जिम्मेवार बन्नुपर्ने बताए । नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले निर्माण व्यवसायको क्षेत्रमा आम जनतालाई सुसूचित गर्ने काम सञ्चारकर्मीको भएकाले सत्य, तथ्य र यथार्थ बुझेरमात्र समचार सम्प्रेषण गर्न आग्रह गरे । पूर्वाधारविज्ञ प्रा. डा. राजेन्द्र अधिकारीले आयोजनाको समय पनि थप नगर्ने र आयोजना सकिनुपूर्व त्यसलाई खबरदारी गर्ने परिपाटी बनाउन सके धेरै आयोजना समयमै पूरा हुने विश्वास व्यक्त गरे ।

## दसैंमा टेलिकमको अफर




**काठमाडौं (प्रस) –** नेपाल टेलिकमले नेपालीहरूको महान पर्वका अवसरमा आइतबारदेखि विभिन्न डाटा र भ्वाइस प्याक तथा रिचार्ज गर्दा बोनस सहितको दशैं अफर उपलब्ध गराउने भएको छ । उक्त अफरहरू दशैंका अवसरमा असोज ९ गतेदेखि असोज २३ गतेसम्म उपलब्ध हुनेछन् ।

डाटा प्याक अन्तर्गत रु. २९४ मा २० जीबी डाटा १० दिनभित्र र रु. ९८ मा ६ जीबी डाटा ३ दिनभित्र प्रयोग गर्न सकिने अफर उपलब्ध हुनेछ । त्यसैगरी १ दिनका लागि अनलिमिटेड प्रयोग गर्न सकिने १ एमबीपीएसको डाटा प्याक र अननेट अनलिमिटेड भ्वाइस प्याक जम्मा रु. ४९ मा उपलब्ध हुनेछ । यी प्याकहरू जुनसुकै समय प्रयोग गर्न सकिन्छ ।

यसैगरी अफर प्राप्त हुने अवधिमा एमपोसमार्फत रिचार्ज गर्दा बोनसको रूपमा डाटा प्याक उपलब्ध गराइने छ । रु. २०० देखि रु. ४९९ सम्म रिचार्ज गर्दा २ दिनभित्र प्रयोग गर्न सकिने ५०० एमबी र रु. ५०० भन्दा बढीको रिचार्ज गर्दा ४ दिनभित्र प्रयोग गर्न सकिने १,०२४ एमबी डाटा प्याक उपलब्ध हुनेछ । यसैगरी पहिलो पटक भोल्टे सेवा सब्सक्राइब गर्ने सेवाग्राहीका लागि २८ दिनसम्म प्रयोग गर्न सकिने २०० मिनेटको निःशुल्क भ्वाइस भोल्टे सेवा पनि उपलब्ध गराइएको छ ।

कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यस सम्बन्धी जानकारी लिन र सेवा खरिद गर्न सकिन्छ । कम्पनीको वेबसाइटबाट यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिने नेपाल टेलिकमका प्रवक्ता शोभन अधिकारीले बताए ।

## बजार अनुगमन तीव्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपभोक्तामाथि ठगी गरेको पाइएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बुधबार भक्तपुरको मध्यपुर ठिमीस्थित एक डिपार्टमेन्टल स्टोरलाई रु दुई लाख जरिवाना गऱ्यो । विभागको टोलीले अनुगमन गर्दा सो स्टोरले खाद्यवस्तुको 'रिलेबलिङ' गरेको, गुणस्तर, परिमाण, मूल्य र नापतौलमा हेरफेर गरेको पाइएको थियो ।

विभागको अनुमगन टोलीले बिहीबार गुणस्तर, परिमाण र मूल्यमा उपभोक्तामाथि ठगी गरेको पाइएपछि ललितपुरको इमाडोलस्थित एक खाद्य वस्तु बिक्रेतालाई रु दुई लाख जरिवाना गऱ्यो । टोलीले मूल्यसूची, फर्म दर्ता प्रमाणपत्र बिक्री स्थलमा नराखेको भन्दै ललितपुरकै लगनखेलस्थित एक औषधि पसललाई रु ५० हजार जरिवाना गरेको छ ।

चाडबाड नजिकिएसँगै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमनलाई तीव्र बनाएको छ । पछिल्लो एक सातामा मात्रै विभागले दुई सय ७२ फर्ममाथि अनुगमन गरेको छ । गत साउनदेखि हालसम्म आठ सय ४४ फर्मको अनुगमन गरी एक सय ७५ वटा फर्मलाई जरिवाना गरिएको छ । जरिवानाबाट ३५ लाख ३१ हजार राजश्व उठेको छ । सो अवधिमा २३ लाख ९९ हजार मूल्य बराबरको म्याद गुज्रेका खाद्य वस्तु नष्ट गरिएको विभागले जनाएको छ ।

अनुगमनका क्रममा खरिद बिल नराखेको, दर्ता प्रमाणपत्र देखिने गरी नराखेको, मूल्यसूची नराखेका अधिकांश फर्मलाई विभागले रु पाँच हजार जरिवाना गरेको छ । अनुगमन टोलीले कारबाहीमा परेका फर्मलाई दर्ता कागजात अद्यावधिक राख्न, बिक्री बिल लिइ विभागमा उपस्थित हुन, मूल्यसूची र दर्ता प्रमाणपत्र उपभोक्ताले देख्ने ठाउँमा राख्न निर्देशन दिएको छ । विभागले खाद्य वस्तु, तरकारी फलफूल, मिनि मार्ट, फार्मेसी, माछामासु, सूर्तीजन्य एवं मदिरा, डेरी प्रोडक्ट, तयारी तथा थान कपडा पसल, कस्मेटिक तथा मिठाइ पसलमा अनुगमन गरेको थियो । विभागका निर्देशक हरि पङ्गेनी चाडबाड नजिकिँदै गर्दा उपभोग्य वस्तुको खरिद बिक्री बढ्ने अवस्थामा उपभोक्ता नठगिउन् भन्ने उद्देश्यले बजार अनुमगनलाई तीव्र पारिएको बताउँछन् ।

बजार अनुगमनमा सरकारको उपस्थिति देखाउने र स्वच्छ बजार कायम गर्ने उद्देश्यले अनुगमन गरिरहेको उनको भनाइ छ । विभागले १० वटा अनुगमन टोली बनाएर दैनिक बजार अनुगमन गरिरहेको छ । अनुमगनका क्रममा व्यापारीले बिलबिजक देखाउन नसक्ने, खरिद र बिक्री बिल नभएको, सरसफाइमा ध्यान नदिएकोलगायतका अवस्था भेटिएको थियो । विभागले क्षेत्रगत विज्ञलाई साथमा लिएर अनुगमन गरिरहेको छ । सार्वजनिक बिदाका दिन पनि अनुमगनका लागि विभिन्न स्थानमा टोली खटिइएको निर्देशक पङ्गेनीले जानकारी दिए । बजारलाई व्यवस्थित बनाउन केही दिनअघि विभागले काठमाडौं महानगरसँग पनि छलफल गरेको छ । स्थानीय तहका उपप्रमुख बजार अनुमगन समितिको अध्यक्ष हुने व्यवस्था छ ।

सरकारले स्वच्छ बजार कायम गर्न प्रभावकारी अनुगमन गर्न नसकेको उपभोक्ता अधिकारवादी सङ्घसंस्थाको भनाइ छ । उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष एवं उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना सरकार जिम्मेवार नहुनु, व्यवसायी इमान्दार नहुनु र उपभोक्ता आफ्नो अधिकारका लागि खबरदारी गर्ने अवस्थामा नआउँदा बजार अराजकतामा गएको बताउँछन् ।


**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र माशंपेशीहरूमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरू आउनु
- वाकवाकी लाग्नु वा बान्ता हुनु

यस्ता लक्षणहरू देखा परेमा डेंगु हुनसक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन बोर्ड






अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक National Daily


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ